# बेलका नगरपालिका नगरकार्यपालिकाको कार्यालय

## रामपुर-- ९, उदयपुर

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल

# सहकारी संस्था सञ्चालन,अनुगमन तथा लेखापरीक्षण सम्वन्धी

## मापदण्ड-२०८०

श्री बेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालय

बेलका नगरपालिका ९ रामपुर, उदयपुरको

सहकारी संस्था सञ्चालन,अनुगमन तथा लेखापरीक्षण सम्वन्धी मापदण्ड-२०८०

विषय सूची


| सि.नं. | विषय | पेज नं. |
|---|---|---|
| १ | प्रस्तावना | १ |
| | परिच्छेद-१ (प्रारम्भिक) | |
| २ | संक्षिप्त नाम र प्रारम्भ | १ |
| ३ | परिभाषा | १ |
| | परिच्छेद-२ ( सहकारी संस्थाको नाम र नाम परिवर्तन) | |
| ४ | सहकारी संस्थाको नाम सम्वन्धी मापदण्ड | ३ |
| ५ | संस्थाको नाम परिवर्तनको प्रकृया र कार्यविधी | ४ |
| | परिच्छेद-३ (सहकारी संस्थाको विषय परिवर्तन) | |
| ६ | सहकारी संस्थाको विषय परिवर्तन सम्वन्धी मापदण्ड | ४ |
| | परिच्छेद-४ (सहकारी संस्थाको कार्यक्षेत्र पुनः निर्धारण र सेवा केन्द्र तथा छुट र कर्मचारी व्यवस्थापन) | |
| ७ | सहकारी संस्थाको कार्यक्षेत्र विस्तार सम्वन्धी मापद | ६ |
| ८ | संस्थाको सेवाकेन्द्र स्वीकृति सम्वन्धी मापद | ८ |
| ९ | सेवाकेन्द्र स्वीकृति प्रकिया | ९ |
| १० | अन्य विषयगत र वहुउदेश्यीय सहकारी संस्थाको सेवाकेन्द्र स्वीकृत प्रकृया | ९ |
| ११ | रजिष्ट्रेशन छुट सम्बन्धी व्यवस्था | ११ |
| १२ | कर्मचारी सम्बन्धी व्यव | १२ |
| | परिच्छेद-५ (शेयर पूँजी र बचत परिचालन) | |
| १३ | शेयर पूँजी सम्बन्धी मापदण्ड | १२ |
| १४ | लेखा राख्ने प्रणाली | १३ |
| १५ | ऋण लगानीका लागि प्रक्रि | १३ |
| १६ | ऋणको वर्गीकरण | १४ |
| १७ | पेश्की लिन नपाइने | १४ |
| १८ | तरलता सम्वन्धी व्यवस्था | १४ |


बेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामपुर, उदयपुर कोशी प्रदेश, नेपाल

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल

परिच्छेद-६ (सहकारी संस्थाको सञ्चालन प्रकृया)

१९ विवरण पेश गर्ने सम्वन्धी मापदण्ड ........ १५
२० शेयर खरिद र अन्य सहकारीमा लगानी ........ १५
२१ सञ्चालक र लेखा सुपरिवेक्षण समितिको गठन ........ १५
२२ सञ्चालक समितिको काम तथा कर्तव्य ........ १६
२३ लेखा सुपरिवेक्षण समितिको गठन र दायित्व ........ १७
२४ साधारण सभा ........ १७
२५ निक्षेप सङ्कलन तथा ऋण प्रवाहको सीमा ........ १८
२६ व्याजदर सम्बन्धी व्यवस्था ........ १८
२७ निक्षेप सङ्कलन, ऋण लगानी र व्याज सम्बन्धी जानकारी पेश गर्नुपर्ने ........ १९
२८ कोष सम्वन्धी व्यवस्था ........ १९
२९ कारवाही सम्बन्धी प्रावधानहरु ........ १९
३० कारोबार रोक्का राख्न सकिने ........ २०
३१ कारवाहीका लागि लेखी पठाईने ........ २०
३२ आचारसंहिता सम्बन्धी व्यवस्था ........ २१
३३ सदस्य वडापत्र एवम् दस्तुर सम्बन्धी व्यवस्था ........ २१
३४ संस्था सञ्चालनको क्रममा सहकारी सम्बन्धी अभिमुखीकरण तालिम लिनुपर्ने ........ २१
३५ सहकारीका मुल्य, मान्यता र सिद्दान्तहरु मुल्य, मान्यता र सिद्दान्तहरु ........ २१

परिच्छेद-७ (सहकारी संस्थाको अनुगमन तथा निरिक्षण)

३६ पालिकास्तरीय अनुगमन तथा निरिक्षण समिति ........ २२
३७ सहकारी संस्थाको अनुगमन सम्वन्धी व्यवस्था ........ २३
३८ नियमित अनुगमन ........ २३
३९ सघन अनुगमन ........ २३
४० अनुगमनमा खटिने जनशक्तीको सुविधा ........ २४

परिच्छेद-८ (लेखा परीक्षण तथा लेखा परीक्षकले पालना गर्नु पर्ने मापदण्डहरु)

४१ लेखा परीक्षक सम्बन्धी व्यवस्था ........ २४
४२ लेखा परीक्षकले पालना गर्नु पर्ने मापदण्डहरु ........ २५

परिच्छेद-९ (उजुरी तथा छानबिन)

४३ उजुरी सम्वन्धी व्यवस्था ........ २६
४४ छानबिन सम्वन्धी व्यवस्था ........ २६

## परिच्छेद-१० (विविध)

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल

४५ लाभाँश वितरणमा प्रतिवन्ध........ २७
४६ जगेडा कोषमा सार्नुपर्ने........ २७
४७ निष्क्रिय संस्था........ २७
४८ विनियम संशोधन वा पुनर्लेखन........ २७
४९ आचारसंहिता सम्बन्धी व्यवस्था........ २८
५० सहकारी संस्थाको कार्यालय सम्बन्धी व्यवस्था........ २८
५१ मासिक विवरण अध्यावधिक रुपमा राख्ने र रजिष्ट्रारलाई पठाउने........ २८
५२ संचालक र लेखा सुपरिवेक्षण समितिको उम्मेदवार हुने व्यक्तिले मनोनयनपत्र पेशगर्ने........ २८
५३ लेखा सुपरिवेक्षण समितिले प्रतिवेदन पेश गर्नुपर्ने........ २८
५४ सम्पत्ति खरिद विक्रि गर्दा पारदर्शिता अपनाउनु पर्ने ........ २९
५५ सम्पत्ति अन्य व्यक्ति वा निकायको नाममा राख्न नहुने........ २९
५६ विज्ञापन मार्फत् सदस्यता विस्तार गर्नमा प्रतिवन्धः ........ २९
५७ नगद मौज्दातको सुरक्षित व्यवस्थापन गर्नु पर्नेः........ २९
५८ बचत तथा ऋणको वित्तिय कारोवार गर्ने संस्थाले गर्न नहुने कामहरु........ २९
५९ सम्पत्ति शुद्धिकरण निवारण ऐन नियमको कार्यान्वयन........ ३०
६० खारेजी र बचाउ........ ३०

## अनुसूचीहरु (१ देखि १० सम्म)

अनुसूची-१ सहकारी संस्थाहरुको नियमित अनुगमन फाराम ........ ३१
अनुसूची-२ सहकारी संस्थाहरुको सघन अनुगमन फाराम........ ३३
अनुसूची-३ सहकारी संस्थाहरुको सघन अनुगमन फाराम........ ४२
अनुसूची-४ अनुगमनबाट प्राप्त निर्देशनहरुको कार्यान्वयन कार्ययोजना........ ४७
अनुसूची-५ लेखा परीक्षकले लेखा परीक्षण गर्दा तयार पार्नु पर्ने लङ्गफर्म प्रतिवेदन........ ४८
अनुसूची-६ उजुरी निवेदन पत्रको ढाँचा........ ५१
अनुसूची-७ मासिक प्रतिवेदन विवरण ढाँचा........ ५२
अनुसूची-८ उम्मेदवारी दरखास्त........ ५५
अनुसूची-९ लेखा समितिको वार्षिक प्रतिवेदन........ ५६
अनुसूची-१० कार्यक्षेत्र थप/घट सम्भाव्यता अध्ययन फाराम........ ५७

# सहकारी संस्था संचालन, अनुगमन तथा लेखापरीक्षण सम्बन्धी मापदण्ड २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०४/०८

**प्रस्तावनाः** प्रचलित सहकारी सम्बन्धी कानून र सहकारीको अन्तर्राष्ट्रिय मूल्य,मान्यता र सिद्धान्तहरुको अनुसरण गर्दै सहकारी संस्थाले गर्ने कारोवारको नियमन कार्य प्रभावकारी बनाउन र सहकारी संस्थाहरुको सञ्चालन, विषय परिवर्तन, लेखापरिक्षण ,कार्यक्षेत्र पुनःनिर्धारण तथा अनुगमनलगायतका आवश्यक कार्य गर्न गराउन र व्यवस्थित गर्न बेलका नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा १०१ ले दिएको अधिकार प्रयोग गरी बेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामपुर उदयपुरले यो मापदण्ड तर्जुमा गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस मापदण्डको नाम "सहकारी संस्था संचालन, लेखापरीक्षण तथा अनुगमन सम्बन्धी मापदण्ड २०८०" रहेको छ।

(२) यो मापदण्ड बेलका नगरपालिकाको कार्यापालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "ऐन" भन्नाले बेलका नगरपालिकाको सहकारी ऐन, २०७५ लाई सम्झनु पर्छ ।

(ख) "कार्यक्षेत्र" भन्नाले सहकारी संस्थालाई कारोवार गर्न तोकिएको भौगोलिक क्षेत्र वा निर्दिष्ट स्थानलाई जनाउनेछ ।

(ग) "नियमावली" भन्नाले बेलका नगरपालिकाको सहकारी नियमावलीलाई सम्झनु पर्छ ।

(घ) "बचत "भन्नाले व्याज दिने गरी सहकारी संस्थामा सदस्यहरुले नियमित वा आवधिक वा ऐच्छिक रुपमा सदस्यका नाममा जम्मा गरेको बचत रकमलाई जनाउनेछ । यस शब्दले सदस्यहरुका नावालिक बालबालिकाको नाममा नियमित जम्मा हुने बचत रकमलाई समेतलाई जनाउनेछ ।

(ङ) "प्राथमिक पूँजी कोष" भन्नाले संस्थाको शेयर पूँजी र जगेडा कोष रकमलाई जनाउनेछ ।

(च) "कुल पूँजी कोष" भन्नाले सहकारी संस्थाको प्राथमिक पुँजी र पूरक पुँजीको योग सम्झनु पर्छ र सो शब्दले कार्यालयले समय समयमा पूँजी कोष भनी तोकेको अन्य कोष समेतलाई जनाउनेछ ।

(छ) "पूरक पूँजी कोष" भन्नाले संस्थाको अन्य कोष मध्ये सहकारी विकास कोष, घाटा पूर्ति कोष, ऋण नोक्सानी व्यवस्था कोष, स्थीरिकरण कोष तथा बाँडफाँड नगरेको मुनाफालाई जनाउनेछ ।

(ज) "मन्त्रालय" भन्नाले संमवन्धित संघीय र प्रादेशिक मन्त्रालयलाई बुझाउनेछ ।

(झ) "मापदण्ड" भन्नाले सहकारी संस्था संचालन, लेखापरीक्षणतथा अनुगमन सम्बन्धी मापदण्ड, २०८० लाई जनाउनेछ ।

(ञ) "रजिष्ट्रार" भन्नाले रजिष्ट्रारको पदमा कार्य गर्न तोकिएको बेलका नगरपालिकाको कर्मचारीलाई सम्झनु पर्छ।



अशोक कार्की
प्रमुख

# सहकारी संस्था संचालन, अनुगमन तथा लेखापरीक्षण सम्बन्धी
# मापदण्ड २०८०
### कार्यपालिकावाट स्वीकृत मितिः २०८०/०४/०८

**प्रस्तावनाः** प्रचलित सहकारी सम्बन्धी कानून र सहकारीको अन्तर्राष्ट्रिय मूल्य,मान्यता र सिद्धान्तहरुको अनुसरण गर्दै सहकारी संस्थाले गर्ने कारोवारको नियमन कार्य प्रभावकारी बनाउन र सहकारी संस्थाहरुको सञ्चालन, बिषय परिवर्तन, लेखापरिक्षण ,कार्यक्षेत्र पुनःनिर्धारण तथा अनुगमनलगायतका आवश्यक कार्य गर्न गराउन र व्यवस्थित गर्न बेलका नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा १०१ ले दिएको अधिकार प्रयोग गरी बेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामपुर उदयपुरले यो मापदण्ड तर्जुमा गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस मापदण्डको नाम "सहकारी संस्था संचालन, लेखापरीक्षण तथा अनुगमन सम्बन्धी मापदण्ड २०८०" रहेको छ।

(२) यो मापदण्ड बेलका नगरपालिकाको कार्यापालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) “ऐन” भन्नाले बेलका नगरपालिकाको सहकारी ऐन, २०७५ लाई सम्झनु पर्छ ।

(ख) “कार्यक्षेत्र” भन्नाले सहकारी संस्थालाई कारोवार गर्न तोकिएको भौगोलिक क्षेत्र वा निर्दिष्ट स्थानलाई जनाउनेछ ।

(ग) “नियमावली” भन्नाले बेलका नगरपालिकाको सहकारी नियमावलीलाई सम्झनु पर्छ ।

(घ) “बचत ”भन्नाले व्याज दिने गरी सहकारी संस्थामा सदस्यहरुले नियमित वा आवधिक वा ऐच्छिक रुपमा सदस्यका नाममा जम्मा गरेको बचत रकमलाई जनाउनेछ । यस शब्दले सदस्यहरुका नावालिक बालबालिकाको नाममा नियमित जम्मा हुने बचत रकमलाई समेतलाई जनाउनेछ ।

(ङ) “प्राथमिक पूँजी कोष” भन्नाले संस्थाको शेयर पूँजी र जगेडा कोष रकमलाई जनाउनेछ ।

(च) “कुल पूँजी कोष” भन्नाले सहकारी संस्थाको प्राथमिक पुँजी र पूरक पुँजीको योग सम्झनु पर्छ र सो शब्दले कार्यालयले समय समयमा पूँजी कोष भनी तोकेको अन्य कोष समेतलाई जनाउनेछ ।

(छ) “पूरक पूँजी कोष” भन्नाले संस्थाको अन्य कोष मध्ये सहकारी विकास कोष, घाटा पूर्ति कोष, ऋण नोक्सानी व्यवस्था कोष, स्थीरिकरण कोष तथा वाँडफाँड नगरेको मुनाफालाई जनाउनेछ ।

(ज) “मन्त्रालय” भन्नाले संमवन्धित संघीय र प्रादेशिक मन्त्रालयलाई वुझाउनेछ ।

(झ) “मापदण्ड” भन्नाले सहकारी संस्था संचालन, लेखापरीक्षणतथा अनुगमन सम्बन्धी मापदण्ड, २०८० लाई जनाउनेछ ।

(ञ) “रजिष्ट्रार” भन्नाले रजिष्ट्रारको पदमा कार्य गर्न तोकिएको बेलका नगरपालिकाको कर्मचारीलाई सम्झनु पर्छ।

(ट) “विनियम” भन्नाले सम्वन्धित सहकारी संस्थाको विनियमलाई जनाउनेछ।

(ठ) “शेयर पुँजी” भन्नाले सहकारी संस्थाको चुक्ता शेयर पूँजीलाई जनाउनेछ।

(ड) “संघ” भन्नाले सहकारी संस्थाहरुको छाता संगठनहरु जिल्ला विषयगत सहकारी संघहरु, जिल्ला सहकारी संघहरु, प्रदेश विषयगतसहकारी संघहरु, प्रदेश सहकारी संघ ,राष्ट्रिय सहकारी संघ तथा विशिष्टीकृत सहकारी संघ समेतलाई जनाउनेछ।

(ढ) “संस्था” भन्नाले प्रारम्भिक सहकारी संस्थालाई जनाउनेछ ।

(ण) “सदस्य” भन्नाले सहकारी संस्थाको विनियम बमोजिम शेयर खरीद गरी सदस्यता प्राप्त गरेको प्राकृतिक र कानूनी व्यक्तिलाई जनाउनेछ ।

(त) “समिति” भन्नाले सहकारी संस्थाको संचालक समितिलाई जनाउनेछ।

(थ) “साधारण सभा” भन्नाले सहकारी संस्थाको नियमित वार्षिक साधारण सभा तथा नियमानुसार बस्ने विशेष साधारण सभा समेतलाई जनाउनेछ।

(द) "व्यावसायिक इकाई" भन्नाले सहकारी संस्थाहरु एक आपसमा मिली कुनै सामूहिक उद्देश्यका लागि गठित प्रारम्भिक सहकारी संस्थाहरुको व्यावसायिक इकाईलाई जनाउनेछ ।

(ध) "कार्यविधि" भन्नाले सहकारी संस्थाको कार्यविधि वा यस भन्दा पहिले प्रयोगमा ल्याइएको कार्यविधिलाई समेत जनाउनेछ ।

(न) "एकाघर परिवार" भन्नाले छुट्टी भिन्न नभै एक घर परिवारमा बसेका बाबुआमा,छोराछोरी, दाजुभाई, दिदीवहिनी, पतिपत्नि, छोरावुहारी, धर्मपुत्र, धर्मपुत्रीलाई जनाउनेछ। सो शब्दले सदस्यले पालन पोषण गर्नुपर्ने वा नीजमा आश्रित व्यक्ति समेतलाई जनाउनेछ ।

(प) "निक्षेप" भन्नाले व्याज दिने गरी वा नदिने गरी सहकारी संस्थाका सदस्यले नियमित वा आवधिक वा ऐच्छिक रुपमा सदस्यका नाममा जम्मा गरेको बचत रकमलाई जनाउनेछ। यस शब्दले सदस्यका नावालक बालबालिकाको नाममा नियमित जम्मा हुने बचत रकमलाई समेत जनाउँछ ।

(फ) "लक्षित समुदाय" भन्नाले मानव विकास सुचाङ्कमा पछि रहेका महिला, दलित, मुस्लिम , जनजाति, शारीरिकरुपमा कम सक्षम, भूमिहिन किसान, सुकुम्बासी,मजदुर, दुर्गम क्षेत्रका बासिन्दाहरु र गरीबीको रेखामुनि रहेका अन्य समुदायलाई समेत जनाउँछ ।

(ब) "कार्यालय" भन्नाले बेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई जनाउने छ ।

(भ) "कार्यपालिका" भन्नाले बेलका नगरपालिकाको कार्यपालिका सदस्यको समुहलाई जनाउनेछ ।

(म) "नगरसभा" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद-४ को दफा १९ वमोजिम वस्ने वैठकलाई जनाउनेछ ।

(य) "आर्थिक ऐन" भन्नाले व्यवसायिक वा विभिन्न कारोवारका लागि स्थानिय क्षेत्राधिकार भित्र पर्ने गरी राजश्व संकलनका लागि बेलका नगरपालिकाले तयार पारेको ऐनलाई वुझाउनेछ ।

## परिच्छेद -२
## सहकारी संस्थाको नाम र नाम परिवर्तन

**३. सहकारी संस्थाको नाम सम्बन्धी मापदण्डः**

(१) संस्थाको नाममा "बैंक", "फाइनान्स", "इन्भेष्टमेण्ट", "डेभलपमेण्ट" तथा "वित्तीय संस्था" वा "कम्पनी" जनाउने शव्दहरु प्रयोग गर्न पाइने छैन ।यस अगाडि यस्तो नाम राखी संस्था दर्ता भएको भए संस्थाले यस्तो नाम परिवर्तन कार्यविधि लागु भएको १ वर्ष भित्रमा गर्नु पर्नेछ ।

(२) एक पालिका क्षेत्रभित्र एउटा नामको एक मात्र सहकारी संस्था रहनेछ । यो मापदण्ड प्रारम्भ भए पश्चात सहकारी संस्था दर्ता गर्दा पालिकाको नियमन क्षेत्राधिकारमा रहेका संस्थाहरुसंग नाम नजुध्ने गरी संस्था दर्ता गरिनेछ।

(३) संस्थाको नाममा कुनै निकाय वा समूह वा व्यक्तिबाट प्रवर्द्धित भनी उल्लेख गर्न पाइने छैन।

(४ तोकिएको भौगोलिक कार्यक्षेत्र भन्दा व्यापक कार्य क्षेत्र जनाउने नाम राख्न पाइने छैन।

(५ संचालनमा रहेका अन्य संस्थाहरुको नामको अगाडि वा पछाडि उपसर्ग वा प्रत्यय वा अन्य शव्द जोडी संस्थाको नामाकरण गर्न पाइने छैन ।

(६) संस्थाको नाम देवनागरी लिपीमा लेखिने नेपाली भाषा हुनु पर्नेछ । अनुवाद गरी अंग्रेजी र नेपालीमा फरक नाम उल्लेख गर्न पाइने छैन । प्रस्तावित संस्थाको नाम अर्थ खुल्ने गरी कम्तिमा दुई अक्षरको हुनु पर्नेछ । नामका लागि संक्षिप्त अक्षरको प्रयोग गर्न सकिने छैन ।

(७) संस्थाको नाममा संस्थालाई चिनाउने विशेष नाम, व्यवसायिक विषय चिनाउने नाम र सहकारी संस्था लिमिटेड अनिवार्य रुपमा राखिएको हुनुपर्नेछ । यसअघि विशेष नाम तथा व्यवसायिक विषय चिनिने नाम उल्लेख नगरिएका संस्थाहरुले यो मापदण्ड जारी भएपछि लगतै बस्ने साधारण सभाबाट निर्णय गरी विशेष नाम वा विषय थपी नामलाई पूर्णता दिनुपर्नेछ ।

(८) एकै प्रकृतिको संस्थाको कार्यालय रहेको भवन वा घरमा अर्को संस्थाको कार्यालय स्थापना गर्न पाइने छैन । एउटै भवन वा घर भए भन्दा बढी एकै प्रकृतिको संस्थाहरुको कार्यालय भए पछि खोलिएको संस्थाको कार्यालय अन्य उपयुक्त ठाउँमा सार्न कार्यालयले निर्देशन दिन सक्नेछ । संस्थाको कार्यालय स्थापना गरेको ७ दिनभित्र कार्यालयको निरीक्षण गर्न नगर कार्यपालिकाको कार्यालयलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।संस्थाको कार्यालय सार्नु पर्दा सम्बन्धित कार्यालयको अग्रिम स्वीकृति लिई मात्र सार्न सकिनेछ । कार्यालय सरेको सार्वजनिक रुपमा जानकारी गराउन उपयुक्त सञ्चार माध्यमको उपयोग गर्नु पर्नेछ ।

(९) सहकारीको साइन बोर्डमा एकरुपता ल्याउनको लागि राष्ट्रिय सहकारी संघले निर्णय गरे अनुरुप साइन बोर्डको रङ्ग हल्का हरियो सेतो अक्षरले लेखिएको वा बिषयगत केन्द्रीय संघले तोकेबमोजिम हुनुपर्नेछ ।

**४. संस्थाको नाम परिवर्तनको प्रक्रिया र कार्यविधिः**

(१) सामान्य अवस्थामा संस्थाको नाम परिवर्तनका लागि स्वीकृति दिइने छैन ।

(२) विशेष नाम वा विषय उल्लेख गर्ने प्रयोजन वा विषय परिवर्तन गर्ने प्रयोजन र संस्था एकिकरण भई नयाँ नाम राख्न चाहेमा रजिष्ट्रारले नाम परिवर्तन गर्न स्वीकृति प्रदान गर्न सक्नेछ । तर विषय परिवर्तन गर्ने संस्थाले विशेष नाम परिवर्तन गर्न पाउने छैन ।

(३) उपदफा (२) बमोजिम नाम परिवर्तन गर्न स्वीकृति दिइएमा सहकारी संस्थाहरुले उपयुक्त संचार माध्यमबाट सार्वजनिक सूचना प्रवाह गरी सबै सदस्यहरु र सरोकारवालाहरुलाई अनिवार्य रुपमा नाम परिवर्तन भएको व्यहोरा जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सूचना प्रकाशित गर्दा नाम परिवर्तन भएपछि साविक नामवाट गरिएको कारोवारको जिम्मेवारी नाम परिवर्तन हुने संस्थामै रहने कुरा समेत सूचनामा उल्लेख गर्नु पर्नेछ ।

## परिच्छेद -३
## सहकारी संस्थाको विषय परिवर्तन

**५. सहकारी संस्थाको विषय परिवर्तन सम्वन्धी मापदण्डः**

(१) स्थानीय बेलका सरकारको नियमन क्षेत्राधिकार भित्र पर्ने बचत तथा ऋण सहकारी संस्थाहरु, उत्पादक र उपभोक्ता प्रकृतिका विषयगत सहकारी संस्थाहरु एवं बहुउदेश्यीय प्रकृतिका सहकारी संस्थाहरुले आफ्नो विषय अनुसार कारोवारको प्रकृति मिलाउन अथवा संस्था स्वयंको आवश्यकता अनुसार एक विषयबाट अर्को विषयमा रुपान्तरण हुन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम विषय परिवर्तन गर्दा संस्थाको कार्य क्षमता, सदस्यहरुको आवश्यकता, व्यवसायिक संभाव्यता समेतको आधारमा निश्चित प्रकृया अनुसार हालको विषयलाई परिवर्तन गरी सहकारी संस्थाहरु अर्को विषयमा रुपान्तरण हुनु पर्नेछ ।

(३) सहकारी संस्थाहरु देहाय बमोजिम एक विषयबाट अर्को विषयमा रुपान्तरण हुन सक्नेछन,

क) बहुउदेश्यीय सहकारी संस्थाबाट बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थामा ।

ख) बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाबाट विषयगत सहकारी संस्थामा वा बहुउदेश्यीय सहकारी संस्थामा |

ग) बचत तथा ऋण वाहेक एक विषयको अन्य विषयगत संस्थाबाट बचत तथा ऋण वाहेक नै अर्को विषयको अन्य विषयगत सहकारी संस्थामा |

(४) विषय परिवर्तन गर्न चाहने सहकारीसंस्थाहरुले निम्नअनुसारको प्रक्रिया पूरा गर्नुपर्नेछ

क) बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाबाट अन्य विषयगत वा बहुदेश्यीय सहकारी संस्थामा रुपान्तरण हुन्

१. जुन विषयमा कारोवार गर्ने हो सोही विषयसंग सम्बन्धित उदेश्य तथा कामहरु राखी विनियम संशोधन गर्ने।

२. आवधिक र ऐच्छिक बचत वापत संकलन गरेको बचत सम्बन्धित सदस्यहरुलाई फिर्ता गर्ने तथा रुपान्तरण भएपछि सो प्रकृतिको बचत संकलन नगर्ने व्यवस्था गर्ने|

३. ऐनको दफा ३९ अनुसार मुख्य व्यवसायिक कारोवार र बचतको संरचना तयार गरी तोकिएको सीमा कायम रहने गरी सदस्यहरुको नियमित बचत मात्र संकलन गर्ने व्यवस्था मिलाउने ।

४. सदस्यको बचत फिर्ता समेत गरी कारोवारमा बचतको हिस्सा र मुख्य कारोवारको हिस्सा समेत देखिने गरी वित्तीय प्रक्षेपण सहितको विवरण तयार गरी १ वर्ष भित्र कारोवार मिलान गरिसक्ने प्रतिवद्धता पेश गर्ने ।

५. वहुउदेश्यीय सहकारी संस्थामा रुपान्तरण हुने भए सदस्य उत्पादन खरिद र सदस्यलाई उपभोग्य वस्तु विक्री सहितको मुख्य कारोवार राखी विनियम संशोधन गर्ने ।

६. माथि उल्लेखित प्रावधानहरुको आवश्यकता अनुसार विनियममा व्यवस्था गरी तथा प्रस्ताव समेत तयार गरी साधारणसभाको वहुमतले पारित गरेको हुनुपर्नेछ ।

(ख) बहुउदेश्यीय र बचत तथा ऋण वाहेक अन्य विषयगत सहकारी संस्थाबाट बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थामा रुपान्तरण हुन निम्न प्रकृया पूरा गरी आवेदन दिनु पर्नेछः

१. विषयगत सहकारी संस्थाको रुपमा संस्थाले संचालन गरेका बचत परिचालन बाहेकका व्यवसायहरु बन्द गरी दायित्व फरफारक गरिएको र सम्पत्ति नगदमा परिणत भएको हुनुपर्ने ।

२. बचत तथा ऋणको कारोवार गर्ने संस्थामा परिणत भएको एक वर्षभित्र संरक्षण, संरचना, लागत, तरलता समेतको वित्तीय अनुशासनको स्थापित मापदण्डहरु पूरा गर्न प्रतिवद्ध भएको हुनुपर्ने ।

३. संस्थामा बचत नगरी अन्य व्यवसायिक कारोवारमा मात्र संलग्न सदस्यहरु कायम राख्नु नहुने ।

४. सम्पत्ति शुद्धिकरण निवारण कानून अन्तर्गत नियामक निकायबाट जारी भएको निर्देशिकाका व्यवस्थाहरु समेत पालना गर्नुपर्ने ।

५. प्राथमिक पूँजी कोष र जम्मा बचत दायित्वको अनुपात १:१५ सम्म हुनुपर्ने ।

६. बचत तथा ऋण नीति तथा अन्य आवश्यक नीतिहरु तयार गरी साधारण सभाबाट पारित गर्नुपर्ने ।

७. बचत तथा ऋण लगानीको व्याजदर प्रचलित कानूनको परिधिमा रही तर्जुमा गरी पेश गर्नुपर्ने ।

८. बचत तथा ऋण लगानीको आगामी तीन वर्ष सम्मको कार्ययोजना तथा प्रक्षेपण पेश गरेको हुनुपर्ने ।

द्रष्टव्यः हाल बहुउदेश्यीय वा अन्य व्यवसायिक विषय राखी बचत तथा ऋणको मुख्य कारोवार गरीरहेका सहकारी संस्थाहरुले बचत तथा ऋणमा रुपान्तरण हुन चाहेमा यसै दफा बमोजिमको प्रक्रिया पुरा गर्नुपर्नेछ ।साथै संघीय सहकारी नियमावली २०७५ को नियम ७ को परिधिमा रहेर मात्र अन्य विषयगत सहकारी संस्था तथा वहुउदेश्य सहकारी संस्था वचत तथा ऋण सहकारी संस्थामा रुपान्तरण हुन सक्नेछन् ।

(५) बचत तथा ऋण वाहेक एक विषयको अन्य विषयगत सहकारी संस्थाबाट बचत तथा ऋण वाहेक नै अर्को विषयको अन्य विषयगत सहकारी संस्थामा वा बहुउदेश्यीय सहकारी संस्थामा रुपान्तरण हुन रुपान्तरित हुने विषय अनुसारको काम वा बहुउदेश्यीय प्रकृतिको काम विनियममा राखी विनियम संशोधन गर्नुपर्नेछ ।

(६) विषय परिवर्तन गर्न इच्छुक सहकारी संस्थाले उपदफा (४) बमोजिमको कागजातहरु तयार गरी र आवश्यकता अनुसार निर्णय समेत गरी सो कागजातको प्रतिलिपिहरु सहित निर्णय भएको पैंतीस दिन भित्र रजिष्ट्रार समक्ष निवेदन दिनुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम निवेदन प्राप्त भएपछि रजिष्ट्रारले कागजातहरुको अध्ययन तथा आवश्यकता अनुसार स्थलगत निरीक्षण समेत गरी सम्पूर्ण प्रक्रिया पूरा भएको भए कागजात प्राप्त भएको तीस दिनभित्र विषय परिवर्तनको स्वीकृति सहित विनियम संशोधन स्वीकृत गरीदिनेछ।

(८) उपदफा (२) बमोजिम कागजातहरुको अध्ययनका क्रममा तथा स्थलगत निरीक्षणका क्रममा विषयवस्तुसंग सम्बन्धित थप कागजात एवं जानकारी माग भएमा उपलव्ध गराउनु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

(९) उपदफा (७) बमोजिम विषय परिवर्तनको स्वीकृति पाएपछि संस्थाले विषय परिवर्तन भएको व्यहोराको जानकारी सदस्य एवं सरोकारवालाहरुलाई सार्वजनिक सूचनाको माध्यमबाट गराउनुपर्नेछ ।

## परिच्छेद -४
## सहकारी संस्थाको कार्यक्षेत्र पुनः निर्धारण र सेवा केन्द्र तथा छुट र कर्मचारी व्यवस्थापन

**६. सहकारी संस्थाको कार्यक्षेत्र विस्तार सम्वन्धी मापदण्डः**

[१। ऐन तथा नियमावलीमा भएको व्यवस्थाका साथै सहकारी संस्थाको कार्यक्षेत्र बिस्तार गर्दा अनुसूची-१० सहित देहाय बमोजिम गर्नुपर्नेछ ।

क. बचत तथा कारणको कारोबार गर्ने सहकारी संस्थाको कार्यक्षेत्र विस्तार गर्दा देहायको शर्तहरु पूरा भएको हुनुपर्नेछ ।:

१. संस्थाको सदस्य संख्या एक हजार भन्दा माथि भएको तथा मौजुदा कार्यक्षेत्रका स्थानीय तहका प्रत्येक बडाहरूमा कुल सदस्य संख्याको कम्तिमा ५ प्रतिशत सदस्थहरु र कुल बचत वा ऋण कारोवारको ५ प्रतिशत कारोबार भएको । तर ग्रामीण क्षेत्र र पहाडी जिल्लाको हकमा कार्यक्षेत्र विस्तारको आवश्यकता र औचित्य समेतलाई मध्यनजर गरी तोकिए भन्दा कम सदस्य संख्या भएता पनि कार्यक्षेत्र विस्तारको स्वीकृती दिन सकिनेछ ।

२, संस्थाको प्राथमिक पूँजीकोष पचहत्तर लाख रुपैयाँ भन्दा बढी भएको ।

३. थप कार्यक्षेत्र माग गरिएको क्षेत्रबाट संस्थाको क्षेत्र विस्तार भएपछि सदस्य बनी कारोबार गर्न इच्छुक व्यक्तिहरु रहेको यथेष्ट प्रमाण पेश भएको ।

४. सम्बन्धित वडा कार्यालयको सिफारिस संलग्न भएको ।

५. थप हुने लगायत मौजुदा कार्यक्षेत्रमा सदस्यहरुको लोकतान्त्रिक नियन्त्रण कायम हुने व्यवस्था मिलाइएको ।

६. अनुसूची २  वा ३ मा उल्लेखित सूचक बमोजिम कार्यालयले संस्थाको अनुगमन गरी दिएका निर्देशनहरु कार्यान्वयन गरेको खा निश्चित समयभित्र कार्यान्वयन गर्न प्रतिवद्ध रहेको ।

७. बिस्तार हुने कार्यक्षेत्रमा सदस्यता विस्तार तथा कारोबार विस्तार सहितको कम्तिमा १ वर्षको कार्ययोजना पेश भएको ।

८. संचालकहरु, विषयगत उपसिमितका पदाधिकारीहरु, कर्मचारीहरुले कम्तिमा १ दिनको सहकारी सम्बन्धी अभिमुखीकरण लिएको ।

९. संस्था दर्ता भएको ३ बर्ष पूरा भएको र विगत ३ वर्ष देखि संस्था लगातार नाफामा संचालित भएको ।

१०. कार्यक्षेत्र थप सहित विनियम संशोधनको प्रस्ताव र बुँदा ७ वमोजिमको कार्ययोजना साधारण सभाको कुल सदस्य संख्याको बहुमतबाट पारित भएको ।

११. कार्यालयले आवश्यक देखी माग गरेको अन्य कागजात/विवरण पेश भएको ।

**ख.** अन्य विषयगत र बहुद्देश्यीय सहकारी संस्थाको कार्यक्षेत्र विस्तार गर्दा देहायको शर्तहरु पूरा भएको हुनुपर्नेछ ।

१. विषय अनुसारको मुख्य कारोबार ऐनले निर्धारण गरेको मापदण्ड अनुसार भएको ।

२. संस्थाको सदस्य संख्या एक हजार भन्दा माथि भएको तथा मौजुदा कार्यक्षेत्रका स्थानीय तहका प्रत्येक वडाहरुमा कूल सदस्य संख्याको कम्तिमा ५, प्रतिशत सदस्यहरु र कुल खरिद वा विक्री कारोबारको ५ प्रतिशत कारोवार भएको । तर ग्रामिण क्षेत्र र पहाडी जिल्लाको हकमा कार्यक्षेत्र विस्तारको आवश्यकता र औचित्य समेतलाई मध्यनजर गरी तोकिए भन्दा कम सदस्य संख्या भए तापनि कार्यक्षेत्र बिस्तारको स्वीकृति दिन सकिनेछ ।

३. संस्थाको प्राथमिक पुँजीकोष पचहत्तर लाख रुपैयाँ भन्दा बढी भएको ।

४, थप कार्यक्षेत्र माग गरिएको क्षेत्रवाट संस्थाको क्षेत्र विस्तार भएपछि सदस्य बनी कारोबार गर्न इच्छुक व्यक्तिहरु यथेष्ट प्रमाण पेश भएको ।

५, सम्बन्धित वडा कार्यालयको सिफारिश संलग्न भएको ।

६, थप हुने लगायत मौजुदा कार्यक्षेत्रमा सदस्यहरुको लोकतान्त्रिक नियन्त्रण कायम हुने व्यवस्था मिलाइएको ।

७. अनुसूची २ वा ३ मा उल्लेखित सूचक बमोजिम कार्यालयले संस्थाको अनुगमन गरी दिएका सुझावहरु कार्यान्वयन गरेको वा निश्चित समयभित्र कार्यान्वयन गर्न प्रतिवद्ध रहेको ।

८. विस्तार हुने कार्यक्षेत्रमा सदस्यता विस्तार तथा कारोबार विस्तार सहितको कम्तिमा १ बर्षको कार्य योजना पेश भएको

५. संचालकहरु, बिषयगत उपसिमितका पदाधिकारीहरु, कर्मचारीहरुले कम्तिमा १ दिनको सहकारी सम्बन्धी अभिमुखीकरण लिएको ।

१०, संस्था दर्ता भएको ३ वर्ष पूरा भएको र विगत ३ बर्षदेखि संस्था लगातार नाफामा संचालित भएको ।

११, कार्यक्षेत्र थप सहित विनियम संशोधनको प्रस्ताव र बुँदा ८ बमोजिमको कार्ययोजना साधारण सभामा कूल सदस्य संख्याको बहुमतबाट पारित भएको ।

(२) कार्यक्षेत्र विस्तारको स्वीकृति लिन सहकारी संस्थाले माथि उल्लेख भए बमोजिमको कागजातहरु तयार गरी र आवश्यकता अनुसार निर्णय समेत गरी सो कागजातको प्रतिलिपिहरु सहित निर्णय भएको: पैंतीस दिन भित्र कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले कागजातहरुको अध्ययन तथा आवशयकता अनुसार स्थलगत निरीक्षण समेत गरी सम्पुर्ण प्रक्रिया पूरा भएको भए कागजात प्रात भएको तीस दिनभित्र कार्यक्षेत्र विस्तारको स्वीकृति सहित विनियम संशोधन स्वीकृत गरिदिनेछ ।

(४) उपदफा (३) बमोजिम कागजातहरुको अध्ययनका क्रममा तथा स्थलगत निरीक्षणका क्रममा विषय

वस्तुसंग सम्बन्धित थप कागजात एवं जानकारी माग भएमा उपलब्ध गराउनु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

(५) उपदफा (३) बमोजिम कार्यक्षेत्र बिस्तारको स्वीकृति पाएपछि संस्थाले सो व्यहोराको जानकारी सदस्य एवं सरोकारवालाहरुलाई सार्वजनिक सूचनाको आध्यमबाट गराउनुपर्नेछ ।

(६) बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको कार्यक्षेत्र विस्तारको स्वीकृति दिदा एक पटकमा आवश्यकता, व्यवसायिक सम्भाव्यता र सदस्यता मागको अवस्था समेत हेरी बढीमा जोडिएका तीन वटा वडासम्म कार्यक्षेत्र विस्तार गर्न स्वीकृति दिइनेछ ।

(७) अन्य विषयगत र वहुउदेश्यीय कारोवार गर्ने सहकारी संस्थाको कार्यक्षेत्र विस्तारको स्वीकृति दिदा एक पटकमा आवश्यकता, सम्भाव्यता र सदस्यता मागको अवस्था समेत हेरी बढीमा जोडिएका तीन वटा वडासम्म कार्यक्षेत्र विस्तार गर्न स्वीकृति दिइनेछ ।

(८) एक पटक कार्यक्षेत्र विस्तार गरेपछि दुई वर्षसम्म कार्यक्षेत्र विस्तार गर्न पाइने छैन ।

(९) यसअघि कार्यक्षेत्र बिस्तारको स्वीकृति लिएका सस्थाहरुले यो मापदण्ड जारी भएको १ बर्ष भित्रमा थपिएको लगायत समग्र कार्यक्षेत्रमा सदस्य र कारोवारको न्युनतम मापदण्ड पूरा नगरेमा तथा अनुगमनका क्रममा दिइएका निर्देशनहरु कार्यान्वयन नगरेको खण्डमा कार्यालयले थपिएको लगायत समग्र कार्यक्षेत्रको पुननिर्धारण गरी सदस्य र कारोवारको न्यूनतम मापदण्ड पुरा भएका कार्यक्षेत्र मात्र कार्यालय स्वयमले कायम गरी पत्राचार गर्नेछ।

**७ . संस्थाको सेवाकेन्द्र स्वीकृति सम्वन्धी मापदण्डः**

(१) सहकारी संस्थाहरुले कार्यालयको स्वीकृति विना सेवाकेन्द्र खोली संचालन गर्न पाउने छैनन् ।

(२) यस अघि कार्यालयको स्वीकृति विना सेवाकेन्द्र खोली संचालन गरिरहेका संस्थाहरुले यो मापदण्ड जारी भएको एक महिनाभित्र कुन कुन स्थानमा सेवाकेन्द्र खोलेको हो, सो को बिस्तृत विवरण कार्यालयमा पेश गरी स्वीकृतिको माग गर्नुपर्नेछ ।स्वीकृतिका लागि पेश हुँदा नियमानुसार कार्यक्षेत्र निर्धारणका लागि उल्लेख भए वमोजिम वा माग भए वमोजिमका कागजात अनिवार्य पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम माग भई आएपछि कार्यालयले यस मापदण्ड बमोजिम प्रक्रिया पुगे नपुगेको हेरी त्यस्तो सेवाकेन्द्र स्वीकृत गर्ने वा नगर्ने निर्णय गर्नेछ ।निर्णय वमोजिम सेवा केन्द्र खोलीएको र अस्वीकृत भएमा अस्वीकृत भएको मितिले १५ दिन भित्रमा सेवा केन्द्र वन्द गरी सो को जानकारी कार्यालयलाइ दिनु सम्वन्धित संस्थाको दायित्व हुनेछ । अन्यथा नियमानुसार कार्यवाही हुनेछ ।

(४) सेवाकेन्द्रको स्वीकृति दिदा कुन स्थानमा सेवाकेन्द्र संचालन गर्ने हो सो स्थानको नाम नै उल्लेख गरी सेवाकेन्द्रको स्वीकृति दिइनेछ । स्वीकृति दिए वाहेक अन्य स्थानमा सेवाकेन्द्र संचालन गर्न पाइने छैन ।

(५) यस अघि विनियममा संख्या मात्र उल्लेख गरी वा नगरी आफुखुशी विभिन्न स्थानमा सेवाकेन्द्र खोली संचालन गरेका सहकारी संस्थाहरुले उपदफा (२) र (३) बगोजिमको प्रक्रिया पूरा गरी हालका सेवाकेन्द्र नियमित गर्नुका साथै अवदेखि अनिवार्य रुपमा स्थान नै तोकेर मापदण्डको प्रक्रिया पूरा गरेर स्वीकृति लिएर मात्र सेवाकेन्द्र संचालन गर्नुपर्नेछ ।

**(७.१) सेवाकेन्द्र स्वीकृति प्रकिया देहाय बमोजिम हुनेछः-**

क. वचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाको स्वीकृति दिदा देहायको शार्तहरु पूरा भएको हुनुपर्नेछ ।

१. संस्थाको सदस्य संख्या एक हजार भन्दा माथि भएको तथा मौजुदा कार्यक्षेत्रका प्रत्येक बडाहरुमा कुलः सदस्य संख्याको कम्तिमा ५ प्रतिशत सदस्यहरु र कूल बचत वा ऋण कारोवारको ५ प्रतिशत कारोबार भएको । तर ग्रामीण र पहाडी भुभागको हकमा सेवाकेन्द्र स्थापनाको आवश्यकता र औचित्य वमोजिम सदस्य संख्या कम भएता पनि सेवाकेन्द्रको स्वीकृति दिन सकिनेछ ।

२. संस्थाको प्राथमिक पुंजीकोष पचहत्तर लाख रुपैयाँ भन्दा बढी भएको ।

३. संस्थाको कार्यक्षेत्र कम्तिमा तीनवटा वडा सम्म फैलिएको ।

४, स्थापना हुने सेवा केन्द्रबाट कम्तिमा ३०० जना सदस्यहरुलाई सेवा दिनुपर्ने अवस्था रहेको ।तर ग्रामीण एवम् पहाडी भुभाग भएका वडाहरुको हकमा भौगोलिक कठिनाईको अवस्था र सेवाकेन्द्रको आवश्यकतालाई मध्यनजर गरी तोकिए भन्दा कम सदस्य संख्या भए पनि सेवा केन्द्र स्वीकृत गर्न सकिनेछ ।

५. सम्वन्धित वडा कार्यालयको सिफारिश संलग्न भएको ।

६. संस्थामा सदस्यहरुको लोकतान्त्रिक नियन्त्रण कायम हुने व्यवस्था मिलाइएको ।

७. अनुसूत्री २ वा ३ मा उल्लेखित सूचक बमोजिम कार्यालयले संस्थाको अनुगमन गरी दिएका सुझाबहरु कार्यान्वयन गरेको वा निश्चित समयभित्र कार्यान्वयन गर्न प्रतिवद्ध रहेको ।

८. सेवाकेन्द्र संचालन गर्ने क्षेत्रमा सदस्यता बिस्तार तथा कारोवार बिस्तार एवम् अम्वानी र खर्च सहितको कम्तिमा १ वर्षको कार्ययोजना पेश भएको ।

९. संचालकहरु, विषयगत उपसिमितका पदाधिकारीहरु, कर्मचारीहरूले कम्तिमा १ दिनको सहकारी सम्बन्धी अभिमुखीकरण लिएको ।

१०. संस्था दर्ता भएको ३ वर्ष पूरा भएको र विगत ३ बर्ष देखि संस्था लगातार नाफामा संचालित भएको ।

११. सेवाकेन्द्र स्थापना सहित विनियम संशोधनको प्रस्ताव र बुँदा ८ बमोजिमको कार्ययोजना साधारण सभाको कुल सदस्य संख्याको बहुमतबाट पारित भएको ।

१२. कार्यालयले आवश्यक देखी माग गरेको अन्य कागजात /विवरण पेश भएको ।

**ख. अन्य विषयगत र वहुउदेश्यीय सहकारी संस्थाको सेवाकेन्द्र स्वीकृत गर्दा देहायको शर्तहरु पूरा भएको हुनुपर्नेछः-**

१. विषय अनुसारको मुख्य कारोवार ऐनले निर्धारण गरेको मापदण्ड अनुसार भएको ।

२. संस्थाको सदस्य संख्या एक हजार भन्दा मथि भएको तथा मौजुदा कार्यक्षेत्रका प्रत्येक वडाहरुमा कुल सदस्य संख्याको कम्तिमा ५ प्रतिशत सदस्यहरु र कुल खरिद वा विक्री कारोबारको ५ प्रतिशत कारोबार भएको । तर ग्रामीण एवम् पहाडी भुभाग भएका वडाहरुको हकमा भौगोलिक कठिनाईको अवस्था र सेवाकेन्द्रको आवश्यकतालाई मध्यनजर गरी तोकिए भन्दा कम सदस्य संख्या भए पनि सेवा केन्द्र स्वीकृत

गर्न सकिनेछ ।
३. संस्थाको प्राथमिक पुँजीकोष पचहत्तर लाख रुपैयाँ भन्दा बढी भएको ।
४. संस्थाको कार्यक्षेत्र कम्तिमा दुईवटा वडामा फैलिएको ।
५. स्थापना हुने सेवा केन्द्रबाट कम्तिमा ३०० जना सदस्यहरुलाई सेवा दिनुपर्ने अवस्था रहेको ।तर ग्रामीण एवम् पहाडी भुभाग भएका वडाहरुको हकमा भौगोलिक कठिनाईको अवस्था र सेवाकेन्द्रको आवश्यकतालाई मध्यनजर गरी तोकिए भन्दा कम सदस्य संख्या भए पनि सेवा केन्द्र स्वीकृत गर्न सकिनेछ ।
६. सम्वन्धित वडाको सिफारिश संलग्न भएको ।
७. संस्थामा सदस्यहरुको लोकतान्त्रिक नियन्त्रण कायम हने व्यवस्था मिलाइएको ।
८. अनुसूची- २ वा ३ मा उल्लेखित सूचक बमोजिम कार्यालयले संस्थाको अनुगमन गरी दिएका सुझाबहरु कार्यान्वय गरेको वा निश्चित समयभित्र कार्यान्वयन गर्न प्रतिवद्ध रहेको ।
९. सेवाकेन्द्र संचालन गर्ने क्षेत्रमा सदस्यता विस्तार तथा कारोबार विस्तार तथा अन्दानी र खर्च सहितको कम्तिमा १ वर्षको कार्ययोजना पेश भएको ।
१०. संचालकहरु, विषयगत उपसिमितका पदाधिकारीहरु, कर्मचारीहरुले कम्तिमा १ दिनको खहकारी सम्बन्धी अभिमुखीकरण लिएको ।
११, संस्था दर्ता भएको ३ वर्ष पूरा भएको र विगत ३ बर्ष देखि संस्था लगातार नाफामा संचालित भएको ।
१२.सेवाकेन्द्र स्थापना सहित विनियम संशोधनको प्रस्ताव र बुँदा ९ बमोजिमको कार्ययोजना साधारण सभाको कुल सदस्य संख्याको बहुमतबाट पारित भएको ।
१३. कार्यालयले आवश्यक देखी माग गरेको अन्य कागजात/विवरण पेश भएको ।
(७) सेबाकेन्द्रको स्वीकृति लिन सहकारी संस्थाले माथि उल्लेख भएबमोजिमको कागजातहरु तयार गरी र आवश्यकता अनुसार निर्णय समेत गरी सो कागजातको प्रतिलिपिहरु सहित निर्णय भएको पैंतीस दिन भित्र निवेदन दिनुपर्नेछ ।
(८) उपदफा(७)बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले कागजातहरुको अध्ययन तथा आवश्यकता अनुसार स्वलगत निरीक्षण समेत गरी सम्पूर्ण प्रकिया पूरा भएको भए कागजात प्राप्त भएको तीस दिनभित्र सेवकिन्द्रको स्वीकृति सहित विनियम संशोधन स्वीकृत गरिदिनेछ।
(९। उपदफा (८) बमोजिम कागजातहरुको अध्ययनका क्रममा तथा स्थलगत निरीक्षणका क्रममा विषय बस्तु संग सम्बन्धित थप कागजात एवं जानकारी माग भएमा उपलब्धः गराउनु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।
(१०) उपदफा (८) बमोजिम सेवाकेन्द्रको स्वीकृति पाएपछि संस्थाले सो व्यहोराको जानकारी सदस्य एवं सरोकारवालाहरुलाई सार्वजनिक सुचनाको माध्यमबाट गराउनुपर्नेछ ।
(११) बचत तथा ऋण सहकारी संस्थाले सेवाकेन्द्रलाई सदस्यबाट बचत संकलन गर्ने र सदस्यलाई ऋण लगानी गर्ने र सावा व्याज तिर्ने सेवा प्रवाह गर्ने स्थानको रुपमा मात्र प्रयोग गरी दैनिक रुपमा सेवाकेन्द्रमा भएको कारोबारको हिसाब मूल कार्यालयमा पठाउनु पर्नेछ । मूल संस्थाको शाखाको रुपमा कारोबार गर्ने गरी संचालन गर्न पाइने छैन ।

(१२)  अन्य विषयगत र बहुउदेश्यीय सहकारी संस्थाले सेवाकेन्द्रलाई सदस्यबाट उत्पादन संकलन गर्ने र सदस्यलाई सामान विकी गर्ने र मापदण्ड भित्र रही बचत परिचालन गर्ने स्थानको रुपमा मात्र प्रयोग गरी दैनिक रुपमा सेवा केन्द्रबाट भएको कारोबारको हिसाव मुल कार्यालयमा पठाउनु पर्नेछ । मूल संस्थाको शाखाको रुपमा कारोबार गर्ने गरी संचालन गर्न पाइने छैन ।

(१३) यस अघि स्थान नै तोकी सेवा केन्द्र संचालनको स्वीकृति, लिएका संस्थाहरुले यो कार्यविधि लागु भएको एक वर्ष भित्रमा सेवाकेन्द्र संचालन नगरेमा, सेवा केन्द्र संचालनको न्यूनतम सदस्य सख्या नपुर्खाएमा, कार्यक्षेत्रमा सदस्य र कारोबारको न्युनतम मापदण्ड पुरा नगरेमा तथा अनुगमन गरी दिईएका निर्देशनहरूको पालना नगरेको खण्डमा कार्यालयले कार्यक्षेत्रको पुनःनिर्धारण गरी सदस्य र कारोबारको न्यूनतम मापदण्ड पूरा भएका कार्यक्षेत्र मात्र कायम गरी सेवाकेन्द्र हटाउन निर्देशन दिनेछ ।

(१४) सेवाकेन्द्र संचालन गर्ने सहकारी संस्थाहरुले मुल कार्यालयलाई प्रधान कार्यालय, मुख्य कार्यालय तथा सेवाकेन्द्रहरुलाई शाखा कार्यालय जस्ता शव्दावलीले सम्बोधन गर्न तथा साइनवोर्ड समेत सोही अनुसार राख्न पाइने छैन । संस्थाको मुल कार्यालयलाई सहकारी संस्था मात्र जनिने गरी र सेवाकेन्द्रलाइ संस्थाको नाम लेखी तल जुन स्थानको सेवा केन्द्र हो सोही मात्र राखी सेवाकेन्द्र संचालन गर्नुपर्नेछ ।यस अघि यस अनुसार सेवाकेन्द्र संचालन नगरेका सहकारी संस्थाहरुले यो मापदण्ड जारी भएको एक महिनाभित्र मापदण्ड अनुसारको व्यवस्था अनिवार्य रुपमा मिलाउनु पर्नेछ ।

**८. रजिष्ट्रेशन छुट सम्बन्धी व्यवस्थाः-**

(१) कार्यालयको कार्यक्षेत्र भित्रका संस्थाले आफ्नो प्रयोजनको लागि घर जग्गा खरिदमा रजिष्ट्रेशन शुल्क छुट सुविधाको सिफारिस माग गर्दा श्रोतको आधार खुलाई माग गर्नु पर्नेछ । विभागले जारी गरेको मापदण्ड, बिभागको निर्देशन र सहकारीको मूल्य र सिदान्तहरुको पालना नगरेको पाइएमा यस्तो सुविधा उपलब्ध गराइने छैन । बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको हकमा प्राथमिक पूँजिकोष र बचतको अनुपात १:१५ कायम गरी थप पुँजि निर्माण गरी मात्र घर जग्गा खरिद गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छुट सुविधाका लागि साधारण सभाको स्वीकृति, घर जग्गा खरिदका लागि पर्याप्त जगेडाकोष वा शेयर पूँजी भए नभएको विवरण प्रमाणित हुने लेखापरीक्षण प्रतिवेदन र हालको कारोबार खुल्ने कागजात, प्रचलित मूल्य प्रमाणित हुने कागजात, संचालक समितिको निर्णय र यस अघि छुट सुबिधा लिई खरिद गरेको घर जग्गाको बिवरण पेश गर्नु पर्नेछ । छुट सुविधामा खरिद गरिने घर जग्गा संस्था र संघको कार्यालय, पसल, गोदाम र मेशिनरी जडान एवं प्रमुख उद्देश्य अनुरुपको काम गर्ने प्रयोजनका लागि मात्र हुनेछ । उद्देश्य विपरितको कार्यमा छुट सुविधामा खरीद गरिएको सम्पत्तिको प्रयोग गरिएको पाइएमा छुट भएको राजस्व सरकारी बाँकी सरह असुल उपर गर्न सम्बन्धित निकायमा लेखी पठाइने छ ।

(३) संघीय सहकारी ऐनको दफा ७८ को उपदफा (१) को खण्ड (ख) बमोजिम सहकारी संस्थाले जग्गा जमिन लगायतका अचल सम्पत्ति खरिद गर्दा आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर छुट, सुविधा वा सहुलियत प्राप्त गर्न सम्बन्धित संस्थाले देहायको विवरण सहित रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछ ।

(क) यसरी निवेदन दिनु अघि रजिष्ट्रेशन दस्तुर छुट सुविधा लिई अचल सम्पत्ति खरिद गरेको भए जग्गाधनी प्रमाणपुर्जा र सम्बन्धित कागजातको प्रतिलिपी,

(ख) साधारणसभाको बैठकबाट घरजग्गा धनीको नामनामेसी, घर जग्गा रहेको ठेगाना, कित्ता नं., क्षेत्रफल र मुल्य समेत खुलाइ खरिद सम्बन्धमा भएको निर्णयको प्रमाणित प्रतिलिपी

(ग) अचल सम्पत्ति खरिदमा वचत रकम उपयोग नहुने र जगेडा कोष तथा शेयर पूँजीबाट खरिद गर्न पुग्ने लेखापरिक्षकवाट प्रमाणित बित्तीय विवरण,

(घ) अघिल्लो आर्थिक बर्षको लेखापरिक्षण प्रतिवेदनमा उल्लेख गरिएको भन्दा थप शेयर पुँजी र जगेडा कोषको रकमबाट खरिद गर्न खोजिएको भए पछिल्लो शेयर पुँजी, जगेडा कोष र बचत रकमको दर्तावाल लेखापरिक्षकले प्रमाणित गरेको वित्तीय विवरण,

(ङ) सहकारी संस्थाको अनुगमन तथा निरीक्षण गर्दा कैफियत देखिई सुधारका लागि निर्देशन दिएको भए निर्देशन पालनाको अवस्था खुल्ने कागजात र सुधारको कार्ययोजना ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदन जाँच गरी रजिष्ट्रारले छुट सुविधाको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

**९. कर्मचारी सम्बन्धी व्यवस्थाः-**

१. तीन जना भन्दा बढी कर्मचारी भर्ना गर्नुपर्ने संस्था/संघले संगठन र व्यवस्थापन सर्वेक्षणका आधारमा साधारण सभाको स्वीकृतिमा कर्मचारी पद, संख्या र संगठनको ढाँचा निर्धारण गर्नुपर्नेछ ।

२. कर्मचारी प्रशासन सम्बन्धी नियमावली साधारण सभाबाट पारित गराई मात्र लागु गर्न सकिनेछ ।कर्मचारी प्रशासन सम्बन्धी नियमावली अनुसार मात्र भर्ना, नियुक्ति, बढुवा, दण्ड, सजाय र पुरस्कृत, सुविधाहरु र अवकाश आदि सम्बन्धी काम गर्न सकिनेछ । नियमावलीको व्यवस्था नगरी बा नियमावली विपरित गरिएको कर्मचारी प्रशासन सम्बन्धी कार्यलाई नियामक कार्यालयले खारेज गर्न सक्नेछ ।

३. संस्थामा आवश्यक पर्ने कर्मचारीहरु स्थायी वा करारमा नियुक्ति गर्दा कर्मचारी प्रशासन नियमावलीमा व्यबस्था भएको प्रक्रिया पुर्याएर मात्र गर्न सकिनेछ ।

४. संस्थाले आवश्यक संख्यामा मात्र कर्मचारी नियुक्ति गर्नु पर्नेछ । प्रचलित कानुन बमोजिम नियुक्ति पत्र नदिई कुनै कर्मचारीलाई काममा लगाउन पाईने छैन ।३०० सदस्य संख्या वरावरा १ जना कर्मचारीको दरवन्दी कायम गर्न सक्नेछन् ।

५. दुइ करोड भन्दा वढी कारोवार भएको सहकारी संस्थाका सञ्चालक र पदाधिकारी सोही संस्थाको व्यवस्थापक वा कर्मचारी वन्न पाउने छैन् ।

## परिच्छेद -५
## शेयर पूँजी र बचत परिचालन

**१०. शेयर पूँजी सम्बन्धी मापदण्डः**

(१) संस्थाले जारी गर्ने कूल शेयरपूँजीको रकम चुक्ता शेयर पूँजीको एक जनालाई २० प्रतिशत नवढाइकन विक्री गरेर हुन आउने रकम वरावर सम्म कायम रहने छ ।

(२) प्रस्ताविक सदस्यहरुले खरिद गरेको शेयर पुँजीको नामनामेसी विवरण तोकिएको ढाँचामा दर्ताको आवेदन साथ पेश गर्नु पर्नेछ।

(३) तत्काल बस्ने साधारण सभाबाट अनुमोदन गराउने गरी समितिको निर्णयले संस्थाको चुक्ता शेयर पूँजी वृद्धि गर्न सकिनेछ। शेयर पूँजी वृद्धिको निर्णयको जानकारी सम्बन्धित कार्यालयमा गराउनु पर्नेछ।

**११. लेखा राख्ने प्रणालीः**

संस्थाका सदस्यहरु वीच लाभांश वितरण प्रयोजनको लागि नगद आधार (Cash Basis)मा व्याज आय लेखा राखी अन्य प्रयोजनका लागि प्रोदभावी आधार (Accrual Basis) मा कारोवारको लेखा राख्नु पर्नेछ ।नगदमा प्राप्त नभएको व्याजलाई पाउनु पर्ने व्याज हिसावमा खर्च लेखी व्याज मुल्तवी हिसाव ( Interest Suspense) मा जम्मा गर्ने व्यवस्था गर्नु पर्नेछ । सहकारी संस्थाले आफ्नो सम्पूर्ण कारोबार तथा संस्थागत विवरण, सूचना र तथ्याङ्कहरु सहकारी तथा गरीबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा सहकारी कानूनले तोकेको समयसीमा भित्र अध्यावधिक गर्नु पर्नेछ ।कम्प्युटरमा अभिलेख राखे गरेका संस्थाहरुले आर्थिक तथा प्रशासनिक अभिलेखहरु मासिक रुपमा मुद्रण गरी प्रमाणित गरी राख्नु पर्नेछ । मासिक कारोवारको विवरण सदस्यहरुको जानकारीको लागि संस्थाको कार्यालयमा प्रकाशित गर्नु पर्नेछ ।

**१२. ऋण लगानीका लागि प्रक्रियाः**

(१) संस्थाले आफ्नो सदस्यलाई उपलव्ध स्रोत, जोखिम विश्लेषण एवं संस्थाको कूल पुँजी कोषको आधारमा ऋण प्रदान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम ऋण प्रदान गर्दा ऋण लगानीको उद्देश्य खुलाउनु पर्नेछ र मूलतः संस्थाको उद्देश्य अनुसार स्वीकृत परियोजनाको आधारमा ऋण लगानी गर्नु पर्नेछ ।

(३) प्रस्तावित ऋण रकम उचित सुरक्षण हुने गरी जायजेथा धरौटी वा कुनै सदस्यको धन जमानीमा मात्र संस्थाले ऋण लगानी गर्नुपर्ने छ ।तर, संस्थाले जेथा जमानी नभएका सदस्यहरुलाई कुनै वा केही सदस्यहरुको बचत रकम धितो रहने शर्तमा वा संस्थाको स्वीकृत नीति बमोजिम सामुहिक जमानीमा लघु ऋण लगानी गर्न वाधा पर्ने छैन ।

(४) ऋण लगानी गर्दा ऋण माग फारमको उपयोग, धितो मुल्याँकन प्रक्रिया, ऋण उपसमितिको सिफारिस वा स्वीकृति र अनुमोदन जस्ता पूर्व निर्धारित प्रक्रिया अवलम्वन गरी ऋण प्रदान गर्नु पर्नेछ ।

(५) संस्थाले जेथा धितो राखी ऋण लगानी गर्दा ऋण लिने सदस्यको आफ्नै वा एकाघरका परिवारका सदस्यको नामको ऋणलाई थाम्ने गरी जेथा (Primary Collateral) धितो राखेर मात्र ऋण लगानी गर्नु पर्नेछ ।

(६) संस्थावाट प्रवाहित हुने सवै प्रकारका ऋण लगानीमा कुल परियोजना लागतको वढीमा ७० प्रतिशत अंश संस्थाबाट र घटीमा ३० प्रतिशत अंश ऋणी सदस्यको स्व-पूंजीबाट व्यहोर्ने गरी ऋण लगानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ । सदस्यहरुलाई घरजग्गा खरीद गर्न ऋण दिनु पर्ने भएमा कूल मूल्यको बढीमा ४० प्रतिशत मात्र लगानी गर्न सकिनेछ । संस्थाले कुल ऋण लगानीको २५ प्रतिशतमा नवढ्ने गरी घर जग्गामा कर्जाको सीमा निर्धारण गर्नु पर्नेछ ।

(७) रु. १० लाख भन्दा माथिको कुल परियोजना लागत निर्धारण गर्दा संस्थागत मूल्यांकन कर्ताहरुबाट र अन्यमा कुनै एक संचालक, ऋण उप समिति सदस्य र व्यवस्थापकको सामूहिक टोलीले मूल्यांकन गर्नु पर्नेछ।
(८) संस्थाले आफ्नो सदस्यको शेयर प्रमाणपत्र धितो जमानी राखी कर्जा प्रवाह गर्न पाउने छैन ।
(९) संस्था दर्ता हुँदाका बखत रहेका सदस्य बाहेक अन्यको हकमा सदस्यको रुपमा तीन महिनासम्म संस्थामा नियमित बचत गरे पछि मात्र कर्जा प्रवाह गर्न सकिनेछ ।
(१०) संस्थाले ऋण लगानी गर्दा घट्दो दरमा ब्याज हिसाव गर्नु पर्नेछ । व्याजलाई पूँजीकरण गर्न पाइने छैन ।
(११) धितो वापतको सम्पत्ति संघ संस्थाको नाममा दृष्टिवन्धक वा रोक्का गराई राख्नु पर्नेछ । संचालक वा अन्य कुनै व्यक्तिको नाममा राख्न पाइने छैन ।
(१२) संस्थाका संचालक तथा लेखा समितिका ४९ प्रतिशत भन्दा वढी पदाधिकारीहरुलाई एकै अवधिमा ऋण लगानी गर्न पाइने छैन ।
(१३) संस्थाको संचालक समिति, लेखा समिति, ऋण उप-समितिका पदाधिकारी तथा व्यवस्थापकले लिएको ऋणको विवरण बार्षिक रुपमा रजिष्ट्रार समक्ष पेश गर्नु पर्नेछ ।

**१३ . ऋणको वर्गीकरणः**

संघ वा संस्थाले आफ्ना सदस्यलाई ऋण लगानी गर्दा संस्थाहरुको हकमा देहाय वमोजिम ऋण नोक्सानी कोषको व्यवस्था गर्नु पर्नेछ ।

| सि.नं. | ऋणको वर्गिकरण | भाखा नाघेको अवधि | ऋण नोक्सनी कोषको व्यवस्था |
|---|---|---|---|
| १ | असल ऋण | भाखा ननाघेको | १ प्रतिशत |
| २ | शंकास्पद ऋण | १ वर्ष सम्म भाखा नाघेको | ३५ प्रतिशत |
| ३ | खराव ऋण | १ वर्ष भन्दा वढी भाखा नाघेको | १०० प्रतिशत |

**१४ . पेश्की लिन नपाइनेः**

(१) संस्थाका सञ्चालक, व्यवस्थापक, र लेखासमितिका पदाधिकारीहरुलाई काम र पेश्की फछ्र्यौट समय सिमा नतोकी पेश्की दिन पाइने छैन ।
(२) उपदफा (१) विपरित व्यक्तिगत प्रयोजनका लागि लिएको पेश्की रकमलाई ऋण सरह मानी अधिकतम व्याज सहित असूल उपर गर्नु गराउनु पर्नेछ ।

**१५ . तरलता सम्बन्धी व्यवस्थाः**

(१) बचत तथा ऋण सम्बन्धी कारोवार गर्ने प्रत्येक संस्थाले कूल बचत रकमको कम्तिमा १५ प्रतिशत रकम तरलता राख्नु पर्नेछ । नगद मौज्दात,बैंक मौज्दात,सरकारी ऋण पत्रमा गरिएको लगानी र सहकारी बैंक तथा वचत तथा ऋण सहकारी संघमा रहेको बचत रकमलाई तरलताको रुपमा गणना गरिनेछ।
(२) प्रत्येक महिनाको अन्तिम दिनलाई आधार मानी तरलताको गणना गर्नु पर्नेछ।

## परिच्छेद-६
## सहकारी संस्थाको सञ्चालन प्रकृयाः

### १६. विवरण पेश गर्ने सम्बन्धी मापदण्ड

१. संस्थाले आफ्नो कारोवारको प्रगति विवरण चौमासिक भुक्तान भएको मितिले सात दिनभित्र बेलका नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।
२. संस्थाले साधारणसभा बस्ने मिति, समय , स्थान र छलफलका बिषयहरु खुलेको जानकारी साधारणसभा हुनुभन्दा पन्ध्र दिन पहिले बेलका नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई दिनुपर्नेछ ।
३. संस्थाको वार्षिक लेखापरीक्षण गर्नुभन्दा पहिले लेखा परीक्षक नियुक्तिको जानकारी बेलका नगरपालिका, नगर कार्यापालिकाको कार्यालयलाई १५ दिन भित्रमा दिनुपर्नेछ।
४. संस्थाको साधारणसभा सम्पन्न भएको मितिले पन्ध्र दिन भित्र साधारणसभाको उपस्थिति सहितको निर्णय प्रतिलिपिहरु र सक्कल लेखापरीक्षण प्रतिवेदन बेलका नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।
५. वित्तीय कारोवार नगर्ने सहकारी संस्थाहरुले प्रत्येक चौमासिकमा अनुसुची - ७को अतिरिक्त सामान खरीद तथा बिक्रीको छुट्टै विवरण तयार गरी पेश गर्नुपर्नेछ।
६. निर्धारित समयमा विवरण दाखीला नगर्ने संस्थालाई पटकै पिच्छे रु १५००।- सम्म जरिवाना गरीनेछ ।

### १७. शेयर खरिद र अन्य सहकारीमा लगानी

(१) एउटा प्रारम्भिक सहकारी संस्थाले अर्को प्रारम्भिक संस्थाको शेयर खरीद गर्न वा सो सँग बचत तथा ऋणको कारोवार गर्न पाउने छैनन्।
(२) यो मापदण्ड जारी हुनु अघि गरीएको अन्य निजि व्यवसाय वा कम्पनी वा फर्ममा गरीएको लगानी प्रचलित सहकारी कानुनले तोकेको समय भित्र संस्थामा फिर्ता ल्याउने व्यवस्था मिलाउनु पर्नेछ। यो मापडण्ड जारी भएपछी कुनै निजि व्यवसाय वा व्यापारीक फर्म वा कम्पनीमा शेयर र ऋण लगानी गर्न पाइने छैन। यस मापदण्ड विपरित गरीएको शेयर तथा ऋण लगानी सञ्चालन बाट असुल उपर गराइ संस्थाको कोषमा दाखिला गर्न लगाइनेछ।

### १८. सञ्चालक र लेखा सुपरिवेक्षण समितिको गठन

(१) एकै परीवारबाट एक भन्दा वढी व्यक्ति एउटै संस्थाको सञ्चालक वा लेखा समितिको कुनै पदको लागी निर्वाचनमा उम्मेदवार हुन पाउने छैन ।
(२) संस्थाहरुमा सचिवालय गठन गर्न पाइनेछैन ।
(३) संस्थाबाट लिएको ऋणको भाखा नाघेको ऋण र तिर्नु वझाउनु पर्ने अन्य रकम नबुझाएसम्म बैंक तथा वित्तिय संस्थाबाट कर्जा लिई कालो सूचीमा परेका ब्यक्ति, सञ्चालक वा लेखा समितिको कुनै पदमा उम्मेदवार हुन पाउने छैन ।

(४) कुनै पनि व्यक्ति बेलका नगरपालिका भित्रका एकै प्रकृतिको एक भन्दा बढी सहकारी संस्थाको सदस्य हुन पाउने छैनन् । उजुरीका आधारमा बेलका नगरपालिकाले दोहोरो सदस्यता खारेज गर्न निर्देशन गर्नेछ ।
(५) संस्थाको विनिमयमा सञ्चालकको पदमा उम्मेदवार हुँदा सदस्य सदस्यहरुका वीच विभेद हुनेगरी कुनै प्रावधान राख पाईने छैन । तर यस व्यवस्थाबाट पछाडि परेका महिला वा निश्चित समुदायका ब्यक्ति हरुको प्रतिनिधित्व सुनिश्चित गर्न विनियममा गरीएको विशेष व्यवस्था अन्तरगतका पदहरुमा सोही लिङ्ग वा समुदायका व्यक्तिहरुले मात्र तोकिएको पदमा उम्मेदवार वन्न र निर्वाचित हुन वाधा पर्ने छैन।
(६) एक व्यक्ति एकै समयमा समानस्तरको कुनै एक संस्थाको समितिको मात्र पदाधिकारी भई काम गर्न सक्नेछन्।
(७) कर्मचारीहरुको सहभागितामा कर्मचारीहरु मात्र सदस्य हुन पाउने गरी सञ्चालनमा रहेका संस्था बाहेक अन्य संस्थाको समितिको कुनै पनि पदको निर्वाचनमा वहालवाला निजामती कर्मचारी, बैंक तथा वित्तिय संस्थामा कार्यरत कर्मचारीहरु उम्मेद्वार हुन पाउने छैनन् । तर यस प्रावधानले सरकारको लगानी वा सम्पत्तिको उपयोगका कारणबाट सञ्चालक समितिमा पदेन सञ्चालकको भूमिका निर्वाह गर्न यस व्यवस्थाले बहालवाला निजामती कर्मचारीलाई कुनै वाधा पुग्ने छैन ।

## १९. सञ्चालक समितिको काम तथा कर्तव्य

विनियममा गरिएको व्यवस्था अन्तर्गत बा वाहेक देहायका जिम्मेवारी वहन गर्ने दायित्व सञ्चालक समितिको हुनेछ ।

(१) संस्थाको बचत तथा सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने जिम्मेवारी संयुक्त रुपमा सञ्चालकहरुको हुनेछ। तर बरबुझारथ नगरेको अवस्थामा संस्थाको सम्पत्ति र दायित्व सम्बन्धी जिम्मेवारी अघिल्लो सञ्चालकहरुले वहन गर्नु पर्नेछ ।
(२) बचत तथा ऋणको कारोवार गर्ने संस्थाले साधारण सभाको स्वीकृत गरेको वचत तथा ऋण कार्यविधिका आधारमा एक निश्चित रकम सम्मको ऋण प्रवाहमा व्यवस्थापनलाई अधिकार प्रत्यायोजन बाहेक ऋण उपसमितिको सिफारिसमा मात्र सञ्चालक समितिले ऋण लगानी गर्नु पर्नेछ । ऋण प्रवाहमा प्रक्रियागत त्रुटिका कारण जोखिम उत्पन्न भएमा सम्बन्धित निर्णय गर्ने अधिकारी र प्राविधिक रुपले सिफारिस गर्ने कर्मचारी एवम् सामूहिक रुपमा निर्णयमा संलग्न समितिका सबै पदाधिकारीले जिम्मेवारी वहन गर्नु पर्नेछ ।
(३) निर्वाचित भएको १५ दिन भित्र निर्धारित ढाँचामा संस्थाका सञ्चालक समिति र लेखा समितिको पदाधिकारीहरुको हालसालै खिचिएको फोटो सहित तिन पुस्ते नाम, पद, स्थायी ठेगाना, सम्पर्क फोन र पत्राचारको ठेगाना खुल्ने विवरण एवम् नागरिकताको प्रमाणित प्रतिलिपि बेलका नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।
(४) संस्थाको सञ्चालक समितिको नियमित बैठक कम्तिमा महिनामा एक पटक राख्नु पर्नेछ । समितिको निर्णय पुस्तिका सुरक्षित साथ संस्थाको कार्यालयमा राख्ने व्यवस्था अध्यक्ष र प्रमुख व्यवस्थापकले मिलाउनु पर्नेछ । प्रत्येक बैठकको निर्णयका बारेमा सञ्चालकहरु जिम्मेवार हुनेछन् ।साथै लगानी भएको सम्पुर्ण ऋणको अनुमोदन गर्नुपर्नेछ ।

(५) सञ्चालक र प्रमुख व्यवस्थापकले उपयोग गर्ने सेवा सुविधाको व्यवस्था प्रचलित सहकारी कानूनबमोजिम साधारण सभाले पारित गरेको आर्थिक प्रशासन सम्बन्धी नियमावली र स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम बमोजिम हुनेछ । सामान्यतया यस्तो सुविधा प्रचलन वा संस्थाको वित्तिय विश्लेषणका आधारमा अस्वभाविक देखिएमा समायोजनका लागि कार्यालयले आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

(६) समयमै लेखा परीक्षण गराई साधारण सभा सम्पन्न गर्ने दायित्व सञ्चालक समितिको हुनेछ । पदावधि समाप्त हुनुभन्दा कम्तिमा १५ दिन अगावै निर्वाचनको व्यवस्था मिलाउने दायित्व समितिको हुनेछ ।

## २०. लेखा सुपरिवेक्षण समितिको गठन र दायित्व

(१) लेखा सुपरिवेक्षण समितिमा एक जना संयोजक सहित ३ सदस्यीय हुनेछ ।सदस्य निर्वाचित गर्दा कम्तिमा १ जना सदस्य लेखाको जानकारी भएको हुनुपर्नेछ ।

(२) लेखा सुपरिवेक्षण समितिको गठन साधारणसभावाट हुनेछ ।

(३) संस्थाको अध्यक्ष र कार्यकारी प्रमुखसँग एकाघरको नाता सम्बन्ध रहेको शेयर सदस्य लेखा समितिको संयोजक वा सदस्य हुन सक्ने छैन । लेखा सुपरिवेक्षण समितिका पदाधिकारीले अध्यक्षसँगको आफ्नो नाता सम्बन्ध वा व्यापारिक स्वार्थ भए नभएको बारेमा सञ्चालक समितिलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

(४) लेखा सुरपरिवेक्षण समितिले मासिक आधारमा नियमित परीक्षण गरी प्रतिवेदन तयार गर्नु पर्नेछ । लेखा समितिको वार्षिक प्रतिवेदन नियमित वार्षिक साधारण सभा बस्नुभन्दा कम्तीमा १५ दिन अगाडि सञ्चालक समितिमा पेश गर्नुपर्नेछ । सञ्चालक समितिले वार्षिक साधारण सभाको विवरणमा सो प्रतिवेदन अनिवार्य रुपमा समावेश गरी शेयर सदस्यहरुलाई उपलव्ध गराउनु पर्नेछ ।

(५) लेखा समितिको प्रतिवेदनहरु लेखापरीक्षकलाई लेखापरीक्षण गर्नु अघि नै उपलव्ध गराउनु पर्नेछ ।

(६) प्राप्त प्रतिवेदनबारे सञ्चालक समितिलाई स्पष्ट पार्न सञ्चालक समितिको बैठकमा लेखा सुपरिवेक्षण समितिका संयोजक वा निजको अनुपस्थितिमा कुनै अर्को सदस्यलाई आमन्त्रण गर्नुपर्नेछ ।

(१०) अनुगमनको क्रममा लेखा समितिले आफ्नो दायित्व बहन गर्न नसकेको वा नगरेको पाइएमा वा सदस्यहरुले निवेदन दिएमा प्रमुख प्रशासकीय अधिकृत (रजिष्ट्रार) वा निजले तोकेको कर्मचारीले तत्काल अर्को लेखा सुपरिवेक्षण समिति गठनका लागि विशेष साधारण सभा बोलाउन निर्देशन दिन सक्नेछ ।

## २१. साधारण सभा

(१) साधारण सभा सम्पन्न भएको १५ दिनभित्र सम्बन्धित संस्थाले लेखापरीक्षणको प्रतिवेदन, कारोबारको वार्षिक प्रतिवेदन, अध्यक्षले प्रमाणित गरेको सभाको निर्णयका प्रतिलिपिहरु, सदस्यहरुको उपस्थितिको विवरण र निर्वाचन सम्पन्न भएको भए सञ्चालक र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरुको व्यक्तिगत विवरण समेत तोकिएको ढाँचामा सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ ।निर्णयको प्रमाणिकरणका लागि सञ्चालक संख्या भन्दा वढी हुने गरी निर्णय प्रमाणिकरण समिति साधारण सभाले अनिवार्य तोक्नु पर्नेछ ।

(२) साधारण सभाको सूचना प्रशारणमा देहायका प्रक्रियाहरु पूरा गर्नु संस्थाको कर्तव्य हुनेछः

क) साधारण सभा बस्ने सूचना कम्तीमा १५ दिन अगाडि प्रकाशन र प्रशारण गर्नु पर्नेछ ।
ख) विशेष साधारण सभाको सूचना कम्तीमा ७ दिन अगाडि प्रकाशन र प्रशारण गर्नु पर्नेछ ।
ग)। सूचनाका लागि सबै सदस्यहरुले जानकारी पाउने माध्यमको उपयोग गर्नु पर्नेछ ।
घ) प्रकाशित वा प्रशारित सूचनाको जानकारी सम्बन्धित कार्यालयलाई सूचना प्रकाशित भएको मितिले ३ दिनभित्र छिटो साधनद्वारा गराउनु पर्नेछ ।
ङ) सूचनामा सभा बस्ने स्थान, मिति, समय र सभामा प्रस्तुत हुने प्रमुख विषयहरु समावेश गर्नु पर्नेछ ।
च) सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति वा रिक्त पदहरुमा निर्वाचन गर्नुपर्ने भए निर्वाचन सम्बन्धी कार्यक्रमको संक्षिप्त विवरण समेत अनिवार्य रुपमा प्रकाशन वा प्रशारण गर्नु पर्नेछ ।
छ) सभा बस्ने स्थान संस्थाको कार्यक्षेत्रभित्रको कार्यालय परिसर वा नजिकको सभा हलमा व्यवस्थापन गर्नु पर्नेछ ।
ज) साधारण सभा सञ्चालन भड्किलो र खर्चिलो रुपमा गरेको पाइएमा नगरकार्यपालिका कार्यालयले सचेत गराउन सक्नेछ । सभामा गरिने खर्चको मापदण्ड तयार गरी वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गर्ने साथै खर्च गर्ने स्पष्ट आधार, जिम्मेवारी वा खर्चको सीमा समितिबाट निर्णय गरी कार्यान्वयन गर्नु पर्नेछ ।
झ) साधारण सभा संस्थाका शेयर सदस्यहरुको हितमा केन्द्रीत हुने भएकाले निश्चित समयमा सञ्चाल गरी सदस्यहरु संगको छलफल र कार्यतालिका उपर काम कार्यवाही गर्नुपर्नेछ । विशेषज्ञ सेवा वाहेक विभिन्न राजनितिक दल, मान्यवर ,कार्यालय प्रमुख लगायत अतिथिहरुको आमन्त्रण र भाषणका कार्यक्रमहरु शेयर सदस्य वाहेकको हकमा साधारण सभामा प्रस्तुत गर्न पाइनेछैन् ।
(३) निर्वाचन कार्यक्रममा मतदान अधिकृतका रुपमा कार्यालयले प्रतिनिधि खटाउन सक्नेछ ।

## २२. निक्षेप सङ्कलन तथा ऋण प्रवाहको सीमा

(१) संस्थाले निक्षेप सङ्कलन गर्ने र कर्जा प्रवाह गर्ने कार्य आफ्नो सदस्यहरुका बीचमा मात्र सीमित गर्नु पर्नेछ ।
(२) सङ्कलित निक्षेप रकम सदस्यहरुलाई ऋण प्रवाह गर्ने काम बाहेकको प्रयोजनमा प्रयोग गर्न पाइने छैन।
(३) सहकारी संस्थाले आफ्नो सदस्यसँग निक्षेप सङ्कलन गर्दा प्राथमिक पुँजी कोषको बढीमा पन्द्र गुणासम्म मात्र सङ्कलन गर्न सक्नेछ ।

## २३. व्याजदर सम्बन्धी व्यवस्था

(१) संस्थाले वचत निक्षेपमा प्रदान गर्ने व्याजदर र ऋण लगानीमा लिने व्याजदरको निर्धारण सन्दर्भ व्याजदरको आधारमा गर्नुपर्नेछ । सहकारी संस्थाहरुले गरेको व्याजदर निर्धारण सन्दर्भ व्याजदर प्रतिकूल भएको पाइएमा सहकारी ऐन, नियमानुसार कारवाही गरिनेछ ।
(२) संस्थाले कर्जा र निक्षेपको व्याजदर निर्धारण गर्दा विभेदकारी व्यवस्था र व्यवहार गर्न पाइने छैन । लिने दिने व्याज दरमा विभेद गरेको पाइएमा त्यस्तो विभेदबाट संस्थालाई हानि पुर्याइएको रकम सञ्चालकहरुबाट असुल उपर गरिनेछ ।

(३) ऋण लगानी गर्दा स्प्रेडदर ६ प्रतिशत कायम गर्ने तथा प्रशासनिक सेवा शुल्क वापत वढीमा १ प्रतिशत कायम गर्नुपर्नेछ ।

(४) निक्षेप र कर्जाको व्याजदर अनिवार्य रुपले संस्थाको साधारणसभाबाट अनुमोदन गर्नुपर्नेछ ।

(५) व्याजदर परिवर्तनको सूचना शेयर सदस्यहरुको जानकारीका लागि सार्वजनिक रुपमा एकपटक प्रकाशित गर्न सकिनेछ ।

(६) कर्जामा समदर तथा चक्रवृद्धि व्याज लगाउन पाइने छैन ।

(७) बिभिन्न किसिमका वचतमा दिइने व्याज दर र ऋणमा लिने व्याजदर साधारण सभाले स्वीकृत गरेको वचत तथा ऋण कार्यविधि अनुसार हुनेछ ।

**२४. निक्षेप सङ्कलन, ऋण लगानी र व्याज सम्बन्धी जानकारी पेश गर्नुपर्ने**

(१) संस्थाको सञ्चालक समितिले वचत, निक्षेप, ऋरण लगानी, व्याज निर्धारण आदि विषयहरुमा आवश्यक सर्त, प्रक्रिया तथा कार्यविधिहरु स्वीकृत गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(२) संस्थाले निर्धारण गरेको व्याजदरको बिवरण समय समयमा वा कार्यालयले माग गरेको समयमा पेश गर्नुपर्नेछ । संस्थाले परिवर्तन गरेको व्याजदर जानकारीका लागि संस्थाको कार्यालयको सूचनापाटीमा टाँस गर्नुपर्नेछ ।

**२५. कोष सम्वन्धी व्यवस्थाः**

(१) सहकारी संस्थामा जगेडा कोष, सहकारी प्रवर्द्धन कोष, संरक्षीत पूजी फिर्ता कोष र अन्य कोषहरुको व्यवस्थापन गरी ऐन तथा नियमावलीले तोके वमोजिमको रकमहरुको व्यवस्थापन गर्नुपर्नेछ ।

(२) संरक्षित पूँजी फिर्ता कोषको रकम सदस्यहरुलाई बाँडफाँड गरी भुक्तानी गर्नका लागि संस्थासँग प्रत्येक सदस्यले गरेको कारोवारको लेखाको विवरणको आधारमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) उपभोक्ता सहकारी संस्था तथा अन्य उत्पादनमूलक सहकारी संस्थाको हकमा संस्थासँग गरेको खरिद तथा विक्री कारोवार र शेयर लगानीका अतिरिक्त अन्य कारोवार भए सो समेत जोडी औषत अनुपात रकम निकाली गणना गर्नु पर्नेछ ।

(४) संरक्षित पूँजी फिर्ताकोषको रकम कारोवारको आधारमा सोही आ.व. भित्रमा अनिवार्य वाडफाँड गर्नुपर्नेछ ।वाँडफाँड नगरेमा जगेडाकोषमा सार्नुपर्नेछ ।

**२६. कारवाही सम्बन्धी प्राबधानहरु :**

तथ्यपरक जानकारी प्राप्त भएमा वा अनुगमनको क्रममा पाइएका देहायका गम्भीर प्रकृतिका त्रुटीहरु वा अनियमित कारोवारका लागि देहाय बमोजिमको कारवाही हुनेछ :

क) अनुगमन कार्यमा सहयोग नगरेमा कारोबार रोक्का गरिनेछ ।

ख) शेयर सदस्यलाई नियमानुसार दिन सकिने लाभांश वाहेक रकम वितरण गरी अस्वस्थ्य प्रतिस्पर्धा गरेको पाईएमा लाभांश वाहेकको रकम सञ्चालक समितिका पदाधिकारीहरुबाट दामासाहीका दरले असुल उपर गरी संस्थाको कोषमा दाखीला गराईनेछ।

ग) वार्षिक दुई करोडभन्दा कमको वार्षिक कारोवार गर्ने संस्थाको कार्यकारी प्रमुख लगायत अन्य सञ्चालकले सहकारी ऐन बिपरीत पारिश्रमिक लिईएको पाईएमा सो रकम असुल उपर गरी संस्थाको कोषमा दाखिला गराईनेछ।तोकिए वमोजिमको समय भित्र रकम दाखिला नगरेको संस्थाले साँवा र व्याज समेत असुल उपर गर्नेछ ।

घ) कार्यकारी प्रमुखको पारिश्रमिक निर्धारण गर्दा सञ्चालक समितिबाट निर्णय गरी साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ। निर्णय र अनुमोदन सम्बन्धी विवरण पेश नगरेमा लिएको पारिश्रमिक नियमित वा असुल उपर गर्नु गराउनु पर्नेछ ।

ङ) प्रचलित कानुन र मापदण्ड पालना नगरेको पाईएमा संस्थाले प्राप्त गर्ने सुविधाहरु रोक्का गरीनेछ।

च) कार्य क्षेत्र बाहिरका व्यक्तिलाई सदस्यता दिने तथा गैर सदस्यसँग कारोवार गर्ने संस्थाको बैंक खाता रोक्का गर्न, सार्वजानिक सुचना प्रकाशित गरी सर्वसाधारणलाई यस्ता संस्था सँग कारोवार नगर्न सजक गराउने, अनियमिता गरेको सुचना सार्वजानिक गर्ने र प्रचलित कानुन बमोजिम थप कारवाही गरीनेछ ।

छ) निक्षेप वापत संकलित रकम अन्यत्र लगानी गरेको पाइएमा उदेश्य विपरित काम गरेको कसुरमा प्रचलित कानून बमोजिम कारवाही गरीनेछ ।

### २७. कारोबार रोक्का राख्न सकिने :

सहकारी सिद्वान्त, सहकारी ऐन, नियम, प्रचलित कानुन, मापदण्ड, परिपत्र र निर्देशन पालना नगर्ने संस्थाको खाता र कारोबार रोक्का राखी नियमानुसार आवश्यक कारवाही गर्न सकिनेछ।

### २८. कारवाहीका लागि लेखी पठाईने :

देहायका कुनै कार्य वा कार्यहरुलाई सहकारी ऐन, नियम विपरीत प्रकरणका रुपमा लिई सञ्चालक समितिका पदाधिकारीहरु र व्यवस्थापकलाई प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ ।

क) गैर सदस्यसँग कारोवार गरेमा वा सदस्यनै नबनाई कारोवार गरेमा ।

ख) कार्यक्षेत्र बाहिरका व्यक्ति वा निकायलाई सदस्य बनाएमा ।

ग) वचत निक्षेपको रकम निजी व्यवसायमा लगानी गरेमा ।

घ) निजी प्रयोजनका लागी अनाधिकृत रुपमा सञ्चालकहरुले कोषको अपचलन गरेमा ।

ङ) साधारण सभा नबोलाई र निर्वाचन प्रक्रिया पुरा नगरी आफुखुशी सञ्चालक वा लेखा समितिको पदाधिकारी थपघट गरेमा ।

च) सम्बन्धित निकायबाट इजाजत लिइ मात्र गर्नु पर्ने कार्य वा कारोवार इजाजत नलिइ सञ्चालन गरेमा ।

छ) पटक पटक भ्रम सिर्जना हुने आकर्षक विज्ञापन/सूचना मार्फत सदस्य बिस्तार वा कारोवार बढाउने कार्य गरेमा ।

ज) एकै प्रकृतिका एक भन्दा बढी संस्थाको पदाधिकारी भई काम गर्ने गरेको पाइएमा ।

झ) अनाधिकृत रुपमा संस्थाको कारोवारमा संलग्न रहेको पाइएमा ।

ज) कार्यक्षेत्र बाहिर बसोबास गर्ने व्यक्ति सार्वजनिक पद धारण गरेको व्यक्ति संस्थाको सञ्चालक समिति वा लेखा समितिको पदाधिकारी भएको पाइएमा ।

## २९. आचारसंहिता सम्बन्धी व्यवस्था

(१) संस्थाले सहकारी मूल्य, मान्यता र सिद्धान्तहरु एवम् प्रचलित सहकारी ऐन तथा नियमावली, मापदण्ड तथा विनियमावलीमा आधारित भै संस्थाको पदाधिकारी र सदस्यहरुले पालना गर्नु पर्ने आचारसंहिता तयार गरी लागू गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लागू भएको आचरसंहिता संस्थाका पदाधिकारी र सदस्यहरुले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

(३) आचार संहितामा उल्लेख नभएमा पनि देहायका मापदण्डहरुको पालना गर्नु प्रत्येक व्यक्तिको दायित्व हुनेछः

क) संस्थाका पदाधिकारीहरु अन्य कुनै पनि संस्थाको पदाधिकारीमा बहाल रहन पाउने छैन । एकभन्दा बढी संस्थाको पदाधिकारी भएको पाइएमा संस्थाले त्यस्ता पदाधिकारीलाई तत्कालै निलम्बन गरी सम्बन्धित कार्यालयमा जानकारी पठाउनु पर्नेछ वा नियामक निकाय स्वंयले निलम्वन गर्न सक्नेछ ।

ख) एक व्यक्ति नगरपालिका भित्रका समान प्रकृतिका एक मात्र संस्थाको सदस्य भई सहकारीको मूल्य, मान्यता र सिद्धान्त बमोजिम आफ्नो संस्थाप्रति प्रतिबद्ध रहनु पर्नेछ ।

## ३०. सदस्य वडापत्र एवम् दस्तुर सम्बन्धी व्यवस्थाः

क. संस्थाको कार्यालयमा सबैले देखे गरी सदस्य बडापत्र राखु पर्नेछ ।

ख. सहकारी संस्थाहरुले नियमन निकायको क्षेत्राधिकार भित्र भौगोलिक क्षेत्र कायम गरी व्यवसायीक कारोवार गर्दा बेलका नगरपालिकाको आर्थिक ऐनले तोके वमोजिम दर्ता ,नविकरण गर्नुपर्नेछ । अन्यथा सोही ऐनको व्यवस्था वमोजिम अतिरिक्त शुल्क समेत लाग्नेछ ।

## ३१. संस्था सञ्चालनको क्रममा सहकारी सम्बन्धी अभिमुखीकरण तालिम लिनुपर्ने

(१) वित्तिय कारोवार गर्ने सहकारी संस्थाका सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका कम्तिमा ५० प्रतिशत पदाधिकारीहरुले यो मापदण्ड जारी भएको ६ (छ) महिनाभित्र संस्था व्यावस्थापन, सहकारी लेखापालन र लेखापरीक्षण सम्बन्धी तालिम लिनु पर्नेछ । सञ्चालक समिति र लेखा समितिको नयाँ निर्वाचन भएको ६ महिना भित्र पालैपालो यस अघि तालिम नलिएका पदाधिकारीहरुलाई उपरोक्त तालिम लिने व्यवस्था संस्थाले मिलाउनु पर्नेछ । संस्थाहरुले यो व्यवस्थाको पालना अनिवार्य रुपमा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको तालिम लिए नलिएको विवरण सम्बन्धित कार्यालयले माग्न सक्नेछ । यस सम्बन्धमा कार्यालयले दिएको निर्देशन पालना गर्नु सबै संस्थाहरुको दायित्व हुनेछ ।

(३) सहकारी संस्थाहरुले तालिम सञ्चालन । र सहभागि गराउँदा सहकारी शिक्षाकोषवाट खर्च गर्नुपर्नेछ ।

## ३२. सहकारीका मुल्य, मान्यता र सिद्दान्तहरु मुल्य, मान्यता र सिद्दान्तहरु

(१) अन्तर्राष्ट्रिय सहकारी महासंघले प्रतिपादन गरेको र विश्वव्यापी रुपमा प्रयोगमा ल्याइएका सहकारीका मुल्य, मान्यता र सिद्धान्तहरुको पालना गर्नु सबै संस्थाका निर्वाचित तथा नियुक्त पदाधिकारीहरु एवम् प्रत्येक सदस्यहरुको प्रमुख कर्तव्य हुनेछ। सहकारीका मुल्य, मान्यता र सिद्धान्तहरुको प्रयोगका लागि निरन्तर रूपमा

सदस्यलाई जानकारी दिने गरी सचेतना कार्यक्रमहरु सञ्चालन गर्नु सहकारीका जिम्मेवार पदाधिकारीहरुको जिम्मेवारी हुनेछ।

(२) सहकारी संस्थाका सञ्चालक समितिले प्रचलित सहकारी कानुन र मापदण्डमा गरिएको व्यवस्थाको पालनाका लागि मापदण्ड जारी भएपछी बस्ने साधारण सभामा विनियम संसोधनका लागी प्रस्ताब पेश गरी, पारीत गराई कार्यान्वयन गराउनु पर्नेछ। साधारण सभाबाट विनियममा गरिएको व्यवस्थाहरु प्रचलित सहकारी कानून र मापदण्डसँग बाझिएमा प्रचलित सहकारी कानून र मापदण्डका आधारमा विवादको निराकरण गरिनेछ ।

## परिच्छेद-७
## सहकारी संस्थाको अनुगमन तथा निरिक्षण

### ३३. पालिकास्तरीय अनुगमन तथा निरिक्षण समितिः

(१) सहकारी संघसंस्थाहरूको अनुगमन तथा निरिक्षणका लागि देहाय बमोजिमको पालिकास्तरीय अनुगमन समिति रहनेछ ।

नगर उप प्रमुख- संयोजक

प्रमुख प्रशासकीय अधिकृत- सदस्य

सम्वन्धित वडाको वडाध्यक्ष - सदस्य

लेखा शाखा प्रमुख - सदस्य

प्रशासन शाखा प्रमुख - सदस्य

योजना शाखा प्रमुख — सदस्य

कृषि शाखा प्रमुख — सदस्य

सहकारी शाखा प्रमुख - सदस्य सचीव

(२) उपदफा (१) बमोजिमको पालिका स्तरीय सहकारी अनुगमन समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) अनुगमन गर्ने संघ संस्थाहरूको पहिचान, अनुगमन तथा कैफियत सुधारका विधिहरू तयार गर्ने ।

(ख) पालिकाबाट खटिने अनुगमन टोली निर्माण गरी परिचालन गर्ने ।

(ग) जिल्लास्तरका अनुगमन समितिको कार्यमा अवश्यक सहयोग, समन्वय र मार्गनिर्देशन गर्ने ।

(घ) प्रदेशस्तरबाट अनुगमनको प्रतिवेदनमा देखिएका व्यहोराहरूमाथि आवश्यक छलफल गरी निर्देशन दिने वा छलफल गर्ने प्रयोजनका लागि मन्त्रालयमा पठाउने ।

(ङ) रजिष्ट्रारबाट अनुगमनका कैफियत सुधार सम्वन्धी प्रतिवेदन प्राप्त गरी अवश्यकता अनुसार थप कारवाही प्रक्रियाका लागि सिफारीश गर्ने।

(च) अनुगमन समितिले समिति सदस्य मध्येवाट वा अन्य कर्मचारीलाई अनुगमन कार्यमा खटाउन सक्नेछ ।

**३४. सहकारी संस्थाको अनुगमन सम्वन्धी व्यवस्थाः**

(१) ऐन तथा नियमावलीमा भएको व्यवस्थाका अतिरिक्त सहकारी संघसंस्थाहरुको अनुगमन तथा निरिक्षण सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ।

**(२) नियमित अनुगमनः**

(क) सहकारी संस्थाको नियमित अनुगमन गर्दा अनुसूची १ बमोजिमको अनुगमन निरिक्षण फाराम भरी सो को अधारमा अनुगमन प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(ख) नियमित अनुगमन सम्पन्न गरेपछि सो को ७ दिनभित्र लिखित अनुगमन प्रतिवेदन दिनुपर्नेछ।

(ग) उपखण्ड (ख) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा दिइएका सुझावहरु कार्यान्वयन गर्नु गराउनु सम्वन्धित संघ संस्थाको कर्तव्य हुनेछ।

(घ) स्थलगत अनुगमनका अतिरिक्त संस्थाबाट प्रतिवेदनहरु तथा सूचनाहरू माग गरी सो को माध्यमबाट समेत संस्थाहरुको कामकारवाहीको नियमित अनुगमन गरी सुझाव दिन सकिनेछ ।यसरी प्राप्त निर्देशनको समेत कार्यान्वयन गरी प्रगति विवरण पेश गर्नु सम्वन्धित संघ संस्थाको कर्तव्य हुनेछ ।

(ङ) नियमित अनुगमनबाट दिइएका सुझावहरुको कार्यान्वयन अवस्थाको नियमित रुपमा अनुगमन गर्ने तथा आवश्यकता अनुसार पुनः अनुगमन समेत गर्न सकिनेछ ।

**(३) सघन अनुगमनः**

(क) सघन अनुगमन गर्दा अनुगमन टोलीले अनुसूची २ बमोजिमको बचत तथा ऋणकोमुख्य कारोवार गर्ने सहकारी संस्थाहरुको परिमाणात्मक र गुणात्मक पक्ष (PEARLS/MOLMAC) तथा सदस्य केन्द्रियता सूचक समेत देखिने सूचकहरु भएको अनुगमन निरिक्षण फाराम भरी सो को आधारमा अनुगमन प्रतिवेदन तयार गर्नेछ ।बचत तथा ऋण वाहेक मुख्य कारोवार गर्ने सहकारी संस्थाहरुको हकमा अनुसूची ३ बमोजिमको अनुगमन तथा निरीक्षण फाराम भरी सोको आधारमा अनुगमन प्रतिवेदन तयार गरिनेछ ।

(ख) सघन अनुगमन गर्दा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंक तथा अन्य निकायको समेत सहयोग लिन सकिनेछ।

(ग) संस्थाको सघन अनुगमन सम्पनून भएपछि सो को ७ दिनभित्र अनुगमन टोलीले अनुगमन प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(घ) नियमित वा सघन अनुगमन टोलीबाट प्रतिवेदन प्राप्त भएपछि पालिका स्तरिय /प्रदेस्तरिय अनुगमन समितिबाट सम्वन्धित संस्थाका संचालक समिति र लेखा समितिका पदाधिकारिहरुलाई प्रतिवेदनमा देखिएका कैफियतहरु र दिइएका निर्देशनहरुको सम्वन्धमा संस्थाको प्रारम्भिक प्रतिक्रिया सहित बोलाई छलफल गरिनेछ ।

(ङ) उपखण्ड (ग) बमोजिमको छलफलपछि दिइएका निर्देशनहरु कार्यान्वयनका लागि सम्वन्धित संस्थाका पदाधिकारिहरुलाई प्रतिवद्धता गराइनेछ ।

(च) उपदफा(६)बमोजिम निर्देशन कार्यान्वयनका लागि प्रतिवद्धता गरेपछि संस्थाले १५ दिनभित्रअनुगमनबाट दिइएका निर्देशनहरु कार्यान्वयन गर्नका लागि अनुसूची-४बमिजमको ढाँचामा १वर्षको कार्य योजना तयार गरी संचालक समितिबाट पारित गराई रजिष्ट्रार समक्ष पेश गर्नुपर्नेछ र सो कार्ययोजना बमोजिमको प्रगति विवरण समेत मासिक रुपमा रजिष्ट्रार समक्ष पेश गर्नुपर्नेछ ।

(छ) नियमित वा सघन अनुगमनबाट दिइएका  सुझावहरुको कार्यान्वयन अवस्थाको नियमित रुपमा फलो अप गरिनेछ तथा आवश्यकता अनुसार पुनः अनुगमन समेत गर्न सकिनेछ ।

(ज) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि ऐन नियमको व्यवस्था बमोजिम रजिष्ट्रार अथवा पालिका स्वयंले सहकारी संघ संस्थाहरुको निरीक्षण तथा अनुगमन गर्न कुनै वाधा पर्नेछैन ।साथै ऐन नियमको व्यवस्था बमोजिम संघहरुले आफ्ना सदस्य संस्थाहरुको कामको निरिक्षण तथा अनुगमन गर्दा यसै मापदण्ड र सूचकहरु तथा पालिकाबाट स्वीकृत स्तरीकरण कार्यक्रमका सुचकहरुको समेत अनुशरण गरी गर्न सक्नेछन् ।

**३५. अनुगमनमा खटिने जनशक्तीको सुविधाः**

(१) अनुगमनमा खटिने जनशक्तीलाई आफु कार्यरत पालिकामा अनुगमन कार्यमा खटिदा प्रति दिन रु ५००। यातायात खर्च र खाना तथा अन्य प्रयोजनका लागि रु.१०००/- भत्ता बापत उपलब्ध गराइने छ ।

(२) उप दफा (१) बमोजिम सुबिधा पाउने गरी अनुगमनका लागी जनशक्ती खटाउदा संस्थाको कारोबारको अवस्था हेरी एक संस्थामा बढीमा तीन दिनको लागी अनुगमन टोलीका अतिरिक्त पहिलो दिनका वाहेक अतिरिक्त दिनका लागि दुई जनासम्म जनशक्ती खटाउन सकिनेछ । तोकिएको समय भित्र अनुगमन सम्पन्न गरी प्रतिवेदन पेश गर्नु सम्बन्धित जनशक्तीको कर्तब्य हुनेछ।प्रतिवेदन तयारीवापत प्रतिवेदन शुल्क रु.१०००/- प्रदान गरिनेछ ।

(३) आफु कार्यरत पालिकाको भौगोलिक विकटताले वास वस्नुपर्ने अवस्था वा भ्रमण नियमावली वमोजिम २० कि.मी.दुरी पारगर्नु पर्ने भएमा अनुगमन कार्यमा खटिदा नियमानुसार भ्रमण तथा दैनिक भ्रमण भत्ता उपलब्ध गराइनेछ ।

## परिच्छेद-८

## लेखा परीक्षण तथा लेखा परीक्षकले पालना गर्नु पर्ने मापदण्डहरु

**३६. लेखा परीक्षक सम्बन्धी व्यवस्थाः**

(१) सहकारी संघ संस्थाहरुको ऐनको दफा ५५ बमोजिम लेखापरीक्षक नियुक्ति गरेपछि सो को जानकारी निम्न विवरण सहित ७ दिन भित्रमा नियामक निकायको रजिष्ट्रारलाई गराउनु पर्नेछ।

(क) लेखापरीक्षकको नाम, ठेगाना

(ख) विगत तीन वर्षको नियुक्त लेखापरिक्षकको नाम, ठेगाना

(ग) लेखापरीक्षकको लेखापरिक्षण इजाजत पत्रको प्रतिलिपि

(घ) लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने सम्बन्धि साधारण सभाको निर्णयको प्रतिलिपि

(ङ) सम्बन्धित लेखापरीक्षकले आफू संस्थाको लेखापरिक्षक नियुक्त हुन अयोग्य नभएको भनी दिएको लिखित जानकारीको प्रतिलिपिका साथ लेखापरिक्षणका लागि सम्वन्धित पालिकामा सुचिकृत भएको दर्ता नं. समेत उल्लेख गर्नुपर्नेछ ।

(२) सहकारी संस्थाहरुले लेखापरीक्षक नियुक्ति गरेको प्रक्रिया नमिलेको वा अयोग्य भएको देखिएमा आवश्यक जाँचबुझ गरी रजिष्ट्रारले अर्को लेखापरिक्षक नियुक्तिको लागि ७ दिनभित्र निर्देशन दिने र संस्थाले पुनःप्रक्रिया पूरा गरी अर्को लेखापरीक्षक नियुक्ति गरी जानकारी दिनुपर्नेछ ।

(३) लेखापरीक्षकले लेखापरिक्षण सम्पन्न गरेको पन्ध्र दिनभित्र प्रारंभिक प्रतिवेदन सहकारी संस्थाको व्यवस्थापकीय प्रक्रियाका लागि उपलब्ध गराउनु पर्नेछ ।

(४) प्रारम्भिक प्रतिवेदन प्राप्त भएको ७ दिनभित्र व्यवस्थापकीय प्रतिक्रिया प्राप्त भएकोमा सो समेत समावेश गरी ७ दिनभित्र अन्तिम प्रतिवेदन संस्थामा पेश गर्नुपर्ने ।

**३७. लेखा परीक्षकले पालना गर्नु पर्ने मापदण्डहरुः**

(१) लेखा परीक्षकले संघ संस्थाको लेखापरीक्षण गर्दा ऐनको दफा ५६ ले निर्दिष्ट गरेको व्यवस्थाका अतिरिक्त देहायका मापदण्डहरुको पालना गर्नु पर्नेछः

(क) रु. १ करोड भन्दा वढी वचत परिचालन गर्ने संस्था वा संघको लेखापरीक्षण गर्दा अनिवार्य रुपमा अनुसूची ५ बमोजिमको ढाँचामा लङ फर्म लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१) कार्यक्षेत्र वाहिर र गैर सदस्यसँग कारोवार गरे नगरेको, गरेको भए त्यस्ता व्यक्ति वा निकायहरुको संख्या र कारोवारको विवरण,

२) वचत तथा ऋणको कारोवार गर्ने संघ संस्थाको PEARLS का आधारमा वित्तिय अवस्था,

३) शेयर सदस्यहरुलाई शेयर लगानीको १८ प्रतिशतसम्म मात्र लाभांश वाड्न पाइने प्रावधान विपरित अन्य कुनै नामबाट थप रकम उपलव्ध गराए नगराएको, गराएको भए सो को विवरण स्पष्ट रुपमा उल्लेख गर्ने,

४) समितिका पदाधिकारी र व्यवस्थापकले लिएको पारिश्रमिक तथा अन्य सुबिधाहरु र सो को आधार,

५) समितिका पदाधिकारी र व्यवस्थापकले लिएको पेश्की रकम, पेश्की लिनुको उद्देश्य र पेश्की लिएको अबधि,

६) समितिका पदाधिकारी र व्यवस्थापकको नाममा रहेको ऋण रकम, व्याज दर, ऋणको किसिम, भुक्तानीको अवस्था र ऋण स्वीकृतिको प्रक्रिया,

७) निजी कम्पनी वा फर्ममा गरिएको ऋण वा शेयर लगानी र त्यस्तो कम्पनी वा फर्मको धनी वा संचालकहरु एवं सहकारी संस्थाका संचालक समितिका पदाधिकारीहरु एकै भए नभएको विवरण,

८) जगेडा कोषको व्यवस्था र उपयोग,

९) ढुकुटी, कारोवार काउन्टर र मार्गस्थल नगदको विमा व्यवस्था भए नभएको, भएको भए सोको विवरण,

१०) जोखिम कोषको व्यवस्था र जोखिममा रहेको लगानी,

११) आन्तरिक नियन्त्रण पद्धति प्रभावकारी भए नभएको सोको आधार,

१२) लेखा समितिको सक्रियता, प्रभावकारिता र दिइएका सुझावहरुको कार्यान्वयनको अवस्था,

१३) लिने दिने व्याज दरको औसत स्प्रेड दर र लिने दिने व्याजको अन्तर, भारित दर विश्लेषण

१४) ऋण प्रवाहमा लिइएको सेवा शुल्कको दर र ऋण प्रवाहको काममा हुने खर्च सँगको तादम्यता,

१५) कुल ऋण तथा शेयर लगानी एवं सम्पत्ति खरिदको शीर्षकगत विवरण,

१६) लगानीको सुरक्षणको अवस्था र धितोको अवस्था,

१७) नियमानुसार सरकारी राजस्व कट्टी र दाखिलाको अवस्था,

१८) यसअघि गरिएको अनुगमन निरीक्षण प्रतिवेदन र सुझावहरुको कार्यान्वयनको अवस्था,

१९) साधारण सभा एवं अन्य बैठकको नियमितता,

(२० यस मापदण्ड बमोजिम पालना नगरिएका प्रमुख व्यवस्थाहरु ।

(ख) खण्ड (क) मा उल्लेखित मापदण्ड सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा सम्बन्धित नियामक निकायमा लिखित रुपमा सुझाव माग गर्न सकिनेछ। यसरी सुझाव माग गरिएकोमा १ महिना भित्र स्पष्ट सुझावहरु लिखित रुपमै दिनु पर्नेछ,

(ग) खण्ड (ख) बमोजिम दिइएको सुझाव र खण्ड (क) बमोजिमका मापदण्ड अनुसारका यथार्थ विवरणहरु प्रतिवेदनले प्रकाश नपारेमा सो को लेखा परीक्षण गर्ने लेखा परीक्षकलाई नियमानुसार आवश्यक कारवाहीका लागि आरोपलाई पुष्ट्याई गर्ने आवश्यक कागजात सहित नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थामा उजुरी गरिनेछ ।

(घ) लेखापरिक्षकले लेखापरिक्षणका सिलसिलामा संस्थाको वित्तिय अवस्थाको चित्रण गर्दा निम्न विषयमा आधारित रही राय तथा मन्तव्य व्यक्त गर्नुपर्नेछ ।

क) अपरिमार्जित स्पष्ट रायको प्रतिवेदन (Un Modified or Clean Un-Qualified Report Clear Opinion)

ख) परिमार्जित लेखा परिक्षण प्रतिवेदन (Modified or qualified Reports)

ग) सामान्य त्रुटी सहितको कैफियत राय प्रतिवेदन (Semi-qualified (Co-Clean) Reports)

घ) विपरित राय प्रतिवेदन (Adverse Reports)

## परिच्छेद-९
## उजुरी तथा छानबिन

### ३८. उजुरी सम्बन्धी व्यवस्थाः

(१) ऐन, नियमावली तथा प्रचलित कानूनमा भएको व्यवस्थाका अतिरिक्त उजुरी सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) ऐन, नियमावली तथा यस मापदण्डको प्रतिकुल हुने गरी सहकारी संस्था तथा सदस्यले कार्य गरेमा वा तिर्नु/बुझाउनु पर्ने रकम नतिरे/नबुझाएमा पालिकामा उजुरी गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी गर्दा संस्था वा सदस्यले अनुसूची-६ बमोजिमको ढाँचाको उजुरी सम्बन्धी निवेदनका साथ आफैले प्रमाणित गरी निम्नानुसारका कागजात तथा प्रमाण पेश गर्नु पर्नेछ ।

(क) नाम, ठेगाना र सम्पर्क नम्बर खुल्ने निवेदन पत्र,

(ख) तिर्नु/बुझाउनु पर्ने रकम पुष्टि हुने रसिद/भौचर/नगद पास बुकको प्रतिलिपि,

(ग) सदस्यता प्रमाणपत्रको प्रतिलिपी,

(घ) नागरिकता प्रमाणपत्रको प्रतिलिपी,

(ङ) अन्य प्रमाण तथा कागजात भए सो को प्रतिलिपी ।

(च) नियामक निकाय वा रजिष्ट्रारले मागेका थप कागजात तथा विवरणहरु

### ३९. छानबिन सम्बन्धी व्यवस्थाः

ऐन, नियमावली तथा प्रचलित कानूनमा भएको व्यवस्थाका अतिरिक्त छानबिन सम्बन्धी व्यवस्था देहाय बमोजिम जिम हुनेछः

(क) दफा १७ बमोजिमको उजुरी प्राप्त भएपछि सम्बन्धित संस्था वा सदस्यलाई सो सम्बन्धमा पत्राचार गरी तिर्नु/बुझाउनु पर्ने रकम तिर्न/बुझाउन वा सफाइ पेश गर्ने मौका प्रदान गरिनेछ,
(ख) खण्ड (क) बमोजिम तिर्नु/बुझाउनु पर्ने रकम नतिरे/नबुझाएमा वा सफाइ पेश नगरेमा थप प्रमाण झिकाइ वा अनुगमन गरी वा नगरी थप कारबाही गर्न सकिनेछ,
(ग) खण्ड (क) र (ख) का अतिरिक्त सामान्य प्रकृतिका विवादमा सम्बन्धित पक्षहरु बीच छलफल गराई विवादको समाधान गर्नमा भूमिका निर्वाह गर्न सकिनेछ।

## परिच्छेद-१०
## विविध

### ४०. लाभाँश वितरणमा प्रतिवन्धः
सहकारी संस्थाले संस्थाको अघिल्लो वर्ष सम्मको खुद संचित नोक्सान पुरा नभएसम्म सदस्यहरुलाई लाभांश बाड्न पाईने छैन । ऐनले तोके भन्दा बढी हुने गरी कुनै पनि नाममा शेयर सदस्यहरुलाई लाभांश बाड्न पाइने छैन ।

### ४१. जगेडा कोषमा सार्नुपर्नेः
सहकारी संघ संस्थाहरुले वितरण गरी बाकी रहेको शेयर लाभाशं कोष कर्मचारी बोनश कोषको रकम सोही बर्ष अनिवार्य रुपमा जगेडा कोषमा सार्नुपर्ने छ ।

### ४२. निष्क्रिय संस्थाः
(१) लगातार २ (दुई) वर्ष देखि लेखापरीक्षण नगराउने र वार्षिक साधारण सभा नगर्ने र सम्बन्धित निकायमा समेत नियमित रुपमा विवरण नबुझाउने सहकारी संस्थाहरुको निष्क्रिय सहकारी संस्था मानी सोको विवरण सार्वजनिक गरिनेछ ।
(२) नियमित रुपमा लेखापरीक्षण नगराउने, निर्धारित समयमा साधारण सभा सम्पन्न नगर्ने, सहकारीका मूल्य र सिद्धान्तहरु, प्रचलित ऐन, नियम, निर्देशन एवं मापदण्ड तथा विनियमको परिपालना नगरेसम्म त्यस्तो संस्थाहरुलाई स्थानिय सरकारबाट उपलव्ध गराइने सेवा सुविधाहरु उपलब्ध गराइने छैन।
(३) निष्कृय सुचीमा रहेका संस्थाहरुलाई नियम अनुसार जरिवाना, दर्ता खारेज तथा विघटनको प्रक्रिया लगिनेछ ।

### ४३. विनियम संशोधन वा पुनर्लेखन
(१) संस्थाको प्रारम्भिक साधारण सभाले विनियम संशोधन गर्न सक्ने छैन ।
(२) विनियम संशोधन वा विनियम पुनर्लेखन प्रस्ताव गर्नु पुर्व नगर कार्यपालिकाको कार्यालयबाट सैद्धान्तिक सहमति लिनुपर्नेछ। पुर्व सैद्धान्तिक सहमति नलिइ गरिएको विनियम संशोधन वा विनियम पुनर्लेखन प्रचलित कानून, नगरपालिकाले जारी गरेको मापदण्ड निर्देशन बमोजिम नभए प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको कर्मचारीले सो प्रावधान अस्वीकृत गर्न सक्नेछ ।

(३) साधारण सभाबाट विनियम संशोधन वा विनियम पुनर्लेखन पारीत गरी नगर कार्यपालिकाको कार्यालयमा स्वीकृतिको लागि पेश भएको तीस दिनभित्र प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले विनियम संशोधन वा विनियम पुनर्लेखन स्वीकृत गर्न सक्नेछ ।

(३) विनियममा समिति तथा पदाधिकारी र उप समितिहरुको निर्माणका लागि विभिन्न वहानामा कुण्ठित वा प्रतिवन्ध लगाउने कार्यहरु उल्लेख गरिएको भए स्वतः वदर हुनेछ ।

### ४४. आचारसंहिता सम्बन्धी व्यवस्थाः

संस्थाले सहकारी मूल्य र सिद्धान्तहरु एवं प्रचलित सहकारी ऐन तथा नियमावली, मापदण्ड तथा विनियमावलीमा आधारित भै संस्था/संघको पदाधिकारी र सदस्यहरुले पालना गर्नु पर्ने आचारसंहिता तयार गरी लागू गर्नु पर्नेछ ।

### ४५. सहकारी संस्थाको कार्यालय सम्बन्धी व्यवस्थाः

(१) संस्थाको कार्यालय तोकिएको कार्यक्षेत्र भित्र स्थापना गर्नु पर्नेछ ।

(२) कार्यालयको स्थापना बढी शेयर सदस्यहरु बसोबास गर्ने क्षेत्रमा गर्नु पर्नेछ ।

(३) संस्थाको कार्यालय स्थापना गरेको ७ दिन भित्र रजिष्ट्रारलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

(४) संस्थाको कार्यालय सार्नु पर्दा रजिष्ट्रारको पूर्व स्वीकृति लिई मात्र सार्नुपर्नेछ। कार्यालय सरेको सार्वजनिक रुपमा जानकारी गराउन उपयुक्त संचार माध्यमको उपयोग गर्नु पर्नेछ ।

### ४६. मासिक विवरण अध्यावधिक रुपमा राख्ने र रजिष्ट्रारलाई पठाउनेः

(१) कम्प्युटरमा अभिलेख राख्ने गरेका संस्थाहरुले आर्थिक तथा प्रशासनिक अभिलेखहरु मासिक रुपमा मुद्रण गरी प्रमाणित गरी राख्नु पर्नेछ । मासिक कारोबारको विवरण सदस्यहरुको जानकारीको लागि संस्थाको कार्यालयले प्रकाशित गर्नु पर्नेछ ।

(२) वार्षिक रु. ७५ लाख भन्दा वढी बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुले अनुसूची-७ बमोजिमको ढाँचामा प्रत्येक महिना भुक्तान भएको मितिले ७ दिन भित्र रजिष्ट्रार समक्ष विवरण पेश गर्नु पर्नेछ । विवरण दाखिला नगर्ने संस्थालाई ऐनको दफा ८१ बमोजिम कारबाही हुनेछ ।

### ४७. संचालक र लेखा सुपरिवेक्षण समितिको उम्मेदवार हुने व्यक्तिले मनोनयन पत्र पेश गर्नेः

संस्थाको संचालक वा लेखा सुपरिवेक्षण समितिमा उम्मेदवार हुने व्यक्तिले अनुसूची-८ बमोजिमको ढाँचाको मनोनयन पत्र निर्वाचन समिति समक्ष पेश गर्नु पर्नेछ ।

### ४८. लेखा सुपरिवेक्षण समितिले प्रतिवेदन पेश गर्नुपर्नेः

सहकारी संस्थाको लेखा सुपरिवेक्षण समितिले प्रत्येक वार्षिक साधारण सभामा अनुसूची ९ बमोजिमको वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**४९. सम्पत्ति खरिद विक्रि गर्दा पारदर्शिता अपनाउनु पर्नेः**

सहकारी संस्थाले अचल सम्पत्ति खरीद वा बिक्री गर्दा साधारण सभाको निर्णय, निर्धारित खरीद बिक्री प्रक्रिया, घटाघट वा बढाबढको प्रक्रियाबाट संस्थालाई बढी फाइदा हुन सक्ने अवस्था र सदस्यहरुको गुनासो नआउने गरी पारदर्शिताको प्रणाली अबलम्बन गर्नु पर्नेछ । संस्थाले घर जग्गा लगायत अचल सम्पत्ति खरीद बिक्री गर्दा पारदर्शी प्रक्रिया अवलम्बन गरे नगरेको साथै प्रचलित मूल्य बाट घटी बढी गरी संस्थाको अहित गरे नगरेको वारेमा अनुगमन गरी आवश्यक निर्देशन दिन
सकिनेछ।

**५०. सम्पत्ति अन्य व्यक्ति वा निकायको नाममा राख्न नहुनेः**

संस्थाको सम्पत्तिहरु आफ्नै नाममा राख्नु पर्नेछ। सम्पत्तिहरु व्यक्ति वा अन्य कुनै निकायको नाममा राखेको पाइएमा सम्बन्धित पदाधिकारी र निर्णयमा सहभागी पदाधिकारीहरुलाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

**५१. विज्ञापन मार्फत् सदस्यता बिस्तार गर्नमा प्रतिवन्धः**

संस्थाले सार्वजनिक रुपमा उपहार योजना राखी वा आकर्षक विज्ञापन गरी शेयर विक्री, वचत सङ्कलन र ऋण प्रवाह गर्न पाउने छैन । यस मापदण्डको प्रतिकुल हुनेगरी विज्ञापन वा सुचना दृश्य सामाग्री प्रकाशन वा प्रसारण गरेमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ। तर संस्थाको महत्वपुर्ण निर्णय, विषय र गतिविधिका बारेमा सदस्यहरु तथा आम नागरिकलाई जानकारी गराउन सुचना तथा श्रव्य दृश्य प्रकाशन तथा प्रसारण गर्न यस दफाले वाधा पुर्याएको मानिने छैन । सहकारी सम्बन्धी जनचेतना अभिवृद्धि हुने गरी प्रसारण वा प्रकाशन गर्ने सहकारी जागरण सम्बन्धी नियमित पत्रपत्रिका, रेडियो र टेलिभिजनका कार्यक्रम सञ्चालनमा सहयोग र सहकार्य गर्न बाधा पर्ने छैन। यस मापदण्डको प्रतिकूल हुने गरी विज्ञापन वा सूचना वा दृश्य सामाग्री प्रकाशन वा प्रसारण गरेमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

**५२. नगद मौज्दातको सुरक्षित व्यवस्थापन गर्नु पर्नेः**

(१) वचत तथा ऋणको कारोवार गर्ने प्रत्येक संस्थाले आफ्नो कार्यालयमा रहने न्यूनतम नगद मौज्दात, मार्गस्थल नगद र कारोवार काउन्टरको विमा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विमा गरिएको भन्दा वढी रकम कार्यालयमा मौज्दात राख्न पाइने छैन ।

(३) नगद रकम बैंकमा जम्मा नगरी संस्थाको आर्थिक तथा प्रशासनिक नीति विपरित हुने गरी नगदै कारोवार गर्ने र कुनै संचालक वा शेयर सदस्य वा कर्मचारीले प्रयोग गर्न पाइने छैन ।

**५३. बचत तथा ऋणको वित्तिय कारोवार गर्ने संस्थाले गर्न नहुने कामहरुः**

बचत तथा ऋणको वित्तिय कारोवार गर्ने संस्थाले ऐन तथा नियमावलीले बन्देज गरेका कामका अतिरिक्त देहायका कामहरु गर्नु गराउनु हुँदैनः

(क) वासलत वाहिरको कारोवारहरु (जस्तै प्रतितपत्र, जमानत आदि),

(ख) सदस्यहरुलाई अधिविकर्ष (Overdraft)कर्जा प्रवाह,

(ग) व्यापारिक उद्देश्यले घर जग्गाको खरिद विक्रि तथा संचालकहरुको लगानीमा खोलिएको निजी उद्योग व्यवसायमा लगानी,
(घ) स्पष्ट नीति अनुसार गरिने लघु कर्जा कार्यक्रम बाहेक विना सुरक्षणमा कर्जा प्रवाह,
(ङ) सुनचाँदी र शेयर प्रमाणपत्र धितो राखी कर्जा प्रवाह,
(च) चल्ति खाता संचालन गर्ने,
(छ) एकमुष्ट ३ वर्ष भन्दा बढी अवधिको आबधिक बचत स्वीकार गर्ने,
(ज) विदेशी मुद्राको कारोवार वा मुद्रा विनिमय ।

**५४. सम्पत्ति शुद्धिकरण निवारण ऐन नियमको कार्यान्वयनः-**

(१) वित्तिय कारोवार गर्ने सहकारीका संस्थाले प्रचलित सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, नियमावली र निर्देशनमा भएका व्यवस्थाहरु अनिवार्य रुपमा पालना गर्नु गराउनु पर्नेछ ।
(२) वित्तिय कारोवार गर्ने संस्थाले आफ्ना प्रत्येक सदस्यको स्पष्ट रुपमा अभिलेख राख्नु पर्नेछ ।
(३) वित्तिय जानकारी इकाइमा पठाउनु पर्ने विवरण नियमित र निरन्तर रुपमा पठाउने व्यवस्थाका लागि प्रत्येक वित्तिय कारोवार गर्ने सहकारी संस्था र संघले संचालक समितिको निर्णय बमोजिम कार्यान्वयन अधिकृत तोक्नु पर्नेछ।
(४) यस सम्बन्धमा सम्बन्धित निकायले गर्ने अनुसन्धान वा माग गरेको विवरणहरु उपलब्ध गराई नियमन गर्ने कार्यमा सहयोग गर्नु सबै संस्थाको कर्तव्य हुनेछ ।

**५५. खारेजी र बचाउः**

(१) यस अगावै यस मापदण्ड संग सम्वन्धित कुनै मापदण्ड प्रकाशन भएको भए खारेज गरिएको छ ।सो मापदण्ड बमोजिम भए गरेका काम कारबाहीहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।
(२) यो मापदण्ड संघीय/प्रादेशिक ऐन,नियमावलीमा भएको व्यवस्थामा वाझिएको हद सम्म अमान्य हुनेछ ।

अनुसूची १ (दफा ३४ संग सम्वन्धित)

सहकारी संस्थाहरुको नियमित अनुगमन फाराम

**क. संस्थाको परिचय**

१) सहकारी संस्थाको नामः—

२) दर्ता नः- [ ] दर्ता मितिः- [ ] दर्ता भएको कार्यालयः- [ ]

३) संस्थाको ठेगानाः- [ ]

४)शेयर पूँजीः- [ ] (प्रति शेयर रु. )

५) कार्यक्षेत्रः- [ ]

६) सञ्चालक समितिको सदस्य संख्याः- महिला [ ] पुरुष [ ] जम्मा [ ]

७) कर्मचारी संख्याः- महिला [ ] पुरुष [ ] जम्मा [ ]

८) शेयर सदस्य संख्याः-
जम्मा [ ] पुरुष [ ] महिला [ ] संस्थागत [ ]

९) वचतकर्ताहरुको संख्याः-
जम्मा [ ] पुरुष [ ] महिला [ ] संस्थागत [ ]

१०) ऋणीहरुको संख्याः-
जम्मा [ ] पुरुष [ ] महिला [ ] संस्थागत [ ]

११) प्रयोग गरेको सफ्टवयरः- [ ]

१२)सहकारी व्यवस्थापन सूचना प्रणालमि आवद्ध भए, नभएको [ ]

१३) सदस्य सेवा केन्द्र वा अन्य कुनै सम्पर्क कार्यालय भए/नभएको ।भए सख्या उल्लेख गर्ने
[ ]

१४) सम्पर्क व्यक्तिको नामः- [ ]
पद [ ] मोवाइल नं. [ ]

ख संस्थाको गतिविधिको सामान्य जानकारी (अनुगमन अवधिसम्म संक्षिप्त वित्तीय विवरण)

क. शेयर पूँजी : रु.

ख. कूल बचतः रु.

ग. कूल ऋण लगानी : रु.

घ. चालु आ.व. को 'हालसम्ममा सदस्य उत्पादन खरिद रु.

ङ. चालु आ. व. को हालसम्ममा सदस्यलाई सामाग्री बिक्री : रु.

च. चालु आ. व. को हालसम्ममा सदस्यको उत्पादन बिक्री : रु

छ. चालु आ.व.को हालसम्ममा कूल आम्दानी : रु.

ज. चालु आ. व. को हालसम्ममा कूल खर्च : रु.

**ग.निम्न विषयहरुको अनुगमन गर्नेः**

१. संस्थाले ऐनको दफा ४० बमोजिम मुख्य र सहायक कारोवारको मापदण्ड मिलान गरे नगरेको

२. बचत तथा ऋणको कारवारको हकमा संस्थाले PEARLS मापदण्डको पालना गरे नगरेको

३. भाखा नाघेको ऋणाको अवस्था र सो बमोजिम जोखिम व्यहोर्ने कोषको व्यवस्था गरे नगरेको

४. नियमित रुपमा लेखापरीक्षण र साधारण सभा भएको वा नभएको

५. नियमित रुपमा वार्षिक प्रतिवेदन बुझाएको वा नबुझाएको

६. संचालक समिति र लेखा सुपरिवेक्षण समितको वैठक नियमित रुपमा भएको वा नभएको

७. लेखा सुपरिवेक्षण समितिले नियमित रुपमा संस्थाको आर्थिक कारोवारको सुपरिवेक्षण गरी संचालक समितिलाई सुझाव दिने कार्य गरे नगरेको

८. संस्थाले स्वीकृत कार्यक्षेत्र भन्दा वाहिर कारोवार गरे नगरेको

९. सस्थाले स्वीकृति विना सेवाकेन्द्रहरु संचालन गरे नगरेको

१०. संचालक समिति र लेखा सुपरिवेक्षण समितिको अवधि समाप्त हुनुअघि निर्वाचन गरी नयाँ समितलाई जिम्मेवारी सुम्पे नसुम्पेको

घ. अनुगमनकर्ताले अनुगमन गर्न आवश्यक देखेको अन्य विषयहरु भए अनुगमन गरी उल्लेख गर्ने

१.

२.

३.

ङ. नियमित अनुगमनका आधारमा संस्थामा देखिएका कैफियतहरु उल्लेख गर्ने

१.

२.

३.

अनुगमनकर्ताको दस्तखत : मितिः

नामः

पदः

कार्यालय :

अनुसूची २ (दफा ३४ संग सम्वन्धित)

सहकारी संस्थाहरुको सघन अनुगमन फाराम

(वचत तथा ऋण मुख्य कारोवार भएका संस्थाहरुको लागि)

**क. संस्थाको परिचय**

१) सहकारी संस्थाको नामः—

२) दर्ता नः- दर्ता मितिः- दर्ता भएको कार्यालयः-

३) संस्थाको ठेगानाः-

४)शेयर पूँजीः- (प्रति शेयर रु. )

५) कार्यक्षेत्रः-

६) सञ्चालक समितिको सदस्य संख्याः- महिला पुरुष जम्मा

७) कर्मचारी संख्याः- महिला पुरुष जम्मा

८) शेयर सदस्य संख्याः-

जम्मा पुरुष महिला संस्थागत

९) वचतकर्ताहरुको संख्याः-

जम्मा पुरुष महिला संस्थागत

१०) ऋणीहरुको संख्याः-

जम्मा पुरुष महिला संस्थागत

११) प्रयोग गरेको सफ्टवयरः-

१२)सहकारी व्यवस्थापन सूचना प्रणालमि आवद्ध भए, नभएको

१३) सदस्य सेवा केन्द्र वा अन्य कुनै सम्पर्क कार्यालय भए/नभएको ।भए सख्या उल्लेख गर्ने

| | | | | |
|---|---|---|---|---|
| १४) सम्पर्क व्यक्तिको नामः- | | | | |
| पद | | मोवाइल नं. | | |

ख. संस्थाको वित्तीय अवस्थाको अनुगमन (PEARLS)

पछिल्लो मितिको सन्तुलन परीक्षण, नाफानोक्सान हिसाब र वासलात र गत वर्षको सन्तुलन परीक्षण, नाफानोक्सान हिसाब र वासलात लिई निम्न अनसारका मुख्य सूचकहरुको पर्ल्स विश्लेषण (PEARLS Analysis) गर्ने ।

| सि.नं. | क्षेत्र | सूत्र | मानक | संस्थाको अवस्था |
|---|---|---|---|---|
| १ | P1 | १२ महिना भन्दा वढी भाखा नाघेको ऋणको लागि छुट्याएको रकम/१२ महिनाभन्दा वढी भाखा नाघेको ऋण | 100% | |
| २ | P2 | १२ महिना भन्दा कम भाखा नाघेको ऋणको लागि छुट्याएको रकम/१२ महिनाभन्दा कम भाखा नाघेको ऋण | 35% | |
| ३ | P2A | असल ऋणको लागि छुट्याएको खुद व्यवस्था/ भाखा ननाघेको ऋण रकम | 1% | |
| ४ | P6 | खुद सम्पति/जम्मा शेयर र वचत | घटिमा ११०% | |
| ५ | E1 | खुद ऋण लगानी /जम्मा सम्पति | ७० देखि ८०% | |
| ६ | E5 | कुल वचत/ जम्मा सम्पति | ७० देखि ८०% | |
| ७ | E6 | वाह्य ऋण/ जम्मा सम्पति | वढीमा ५% | |
| ८ | E7 | शेयरपूँजी/ जम्मा सम्पति | 10 देखि 20% | |
| ९ | E8 | संस्थागत पूँजी/ जम्मा सम्पति | घटिमा १०% | |
| १० | A1 | जम्मा भाखा नाघेको ऋण /जम्मा ऋण लगानी | वढीमा ५% | |
| ११ | A2 | आर्जन नगर्ने सम्पति/ जम्मा सम्पति | वढीमा ५% | |
| १२ | A3 | कुल संस्थागत पूँजी/ कुल आयआर्जन नगर्ने सम्पति | 200% | |
| १३ | R1 | ऋणमा प्राप्त व्याज/औसत ऋण लगानी | वजारदर /मुद्रास्फिति भन्दा वढी | |
| १४ | R5 | वचतमा जम्मा व्याज/औसत वचत | वजारदर /मुद्रास्फिति भन्दा वढी | |

| | | | | |
|---|---|---|---|---|
| १५ | R6 | वाह्य ऋणमा व्याज खर्च/औसत वाह्य ऋण | वचतमा तिरेको व्याजभन्दा कम | |
| १६ | R7 | शेयरलाभांस/औसत शेयर | वजारदर /मुद्रास्फिति भन्दा वढी | |
| १७ | R9 | जम्मा सञ्चालन खर्च/औसत जम्मा सम्पति | 5% | |
| १८ | R12 | खुद आम्दानि/ औसत जम्मा सम्पति | E9 अनुसार हुने गरि | |
| १९ | L1 | (अल्पकालिन लगानी +तरल सम्पति -अल्पकालिन दायित्व/जम्मा वचत | घटीमा १५% | |
| २० | L3 | आयआर्जन नगर्ने तरल सम्पति/कुल सम्पति | १.००% | |
| २१ | S10 | यस अवधिमा वृद्धि भएका सदस्यको संख्या/गत वर्षको अन्त्य सम्ममा रहेको खुद सदस्य संख्या | घटीमा १२% | |
| २२ | S11 | यस वर्षको सम्पति - गत वर्षको सम्पति/गत वर्षको सम्पति | मुद्रास्फिति भन्दा वढी | |
| २३ | oss | व्याज आम्दानि/कुल खर्च | १००% माथि | |
| २४ | FSS | व्याज आम्दानि/कुल खर्च +गणना गरिएको पूँजीको लागत | १००% माथि | |

**ग. संस्थाको समग्र व्यवस्थापकीय पक्षको अनुगमन ( MoLMAC)**

क १. बचत तथा ऋण परिचालन (Mobilisation of Saving & Credit)

१) संस्थाको बर्तमान ऋणका न्युनतम र अधिकतम ब्याजदर :-

२) संस्थाको बर्तमान बचतका न्युनतम र अधिकतम ब्याजदर :-

३) निम्न कारोवारहरु गरे नगरेको :-

क. सुनचाँदी धितोमा कर्जा लगानी    ख. गल्ला कर्जा, लगानी

ग. चल्ती खाता संचालन    घ. ओ.डी.कर्जा लगानी

ङ. आफ्नै संस्थाको शेयरको सुरक्षणमा ऋण लगानी    च. घर जग्गा किनबेच

४) संस्थाले ऋणमा ब्याज बाहेक लिने ब्यवस्थापन/सेवा शुल्क लगायतका अन्य रकमहरु लिने गरेको, नगरेको

५) संस्थाको बचत र ऋणवीचको ब्याजदरको औसत अन्तर (Spread Rate):-

६) ऋण तथा सापटमा पाकेको व्याज, नगद प्राप्ति Cash Basis को आधारमा आम्दानी जनाएको र बचतमा प्रदान गर्ने व्याज Accrual Basis मा लेखांकन गरेको छ, छैन ?

७) संस्थाले ऋण लगानी गर्दा कूल पूँजी कोषका अनुपातमा व्यक्तिगत ऋण सीमा तोकेको छ, छैन

८) वचत तथा ऋण नीति तयार गरे, नगरेको

९ संस्थाले ऋण उपसमितिको सिफारीसमा ऋण लगानी गरे, नगरेको

१०) तोकिए बमोजिम ऋणको बर्गिकरण सहित ऋण नोक्सानी ब्यवस्था गरे, नगरेको

११) संस्था दर्ता हुँदाका बखतका बाहेक अन्य सदस्यहरुका हकमा सदस्य बनेको तीन महिना नियमित बचत गरेपछि मात्र ऋण लगानी गर्नुपर्ने नीति पालना भए, नभएको

१२) संस्थाबाट ऋण प्रवाह गर्दा माग गरिने कागजातहरु, धितो मुल्यांकन लगायत अन्य प्रकृयाहरुः-

| |
|---|
| |

१३) ऋण स्वीकृत गर्ने अख्तियारी कसलाई दिइएको छ ?ऋण स्वीकृति प्रकृया (छोटकरीमा)

| |
|---|
| |

१४) संस्थाको बचत तथा ऋणको ब्याजदर संचालक समितिबाट गर्ने गरे, नगरेको

१५) संस्थाका सबै कारोबारको विबरणको जिन्सी तथा यान्त्रिक संरक्षण (Back-Up) राखे, नराखेको

१६) गैर सदस्यसंग बचत तथा ऋणको कारोवार गरेको, नगरेको

१७) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई मूल ऋणमा पूँजीकृत गरेको, नगरेको

१८) संस्थाले सदस्यको बचत रकम सदस्यवीच ऋण लगानी संघीय सरकारले जारी गरेको ऋणपत्र वा नेपाल राष्ट्र बैंकले जारी गरेको ट्रेजरी बिल, राष्ट्रिय सहकारी बैंकको शेयर खरिद गर्न वाहेक अन्य प्रयोजनमा लगानी भएको, नभएको

१९) सन्दर्भ व्याजदर सम्वन्धी व्यवस्थाको पालना भएको, नभएको

२०) संस्थाले प्राथमिक पूँजीकोषको १५ गुणा भन्दा बढी बचत संकलन गरेको, नगरेको

२१) सदस्यको रुची र आवश्यकता अनुसार बचत तथा ऋणको वर्गीकरण गरी कारोवार भएको, नभएको

२२) सदस्य मैत्री बचत तथा ऋणको कारेवारका लागि सदस्यहरुको सर्वेक्षण तथा ऋण सदुपयोगको अवस्थाको प्रभावकारी अनुगमन तथा मूल्याँकन गर्ने व्यवस्था भएको, नभएको

२३) 5C Analysis( Character, Condition,Capital,Collateral,Capacity to repay) को विश्लेषण गरी ऋण लगानी गर्ने गरेको छ, छैन

२४) सदस्यहरुका लागि नियमित रुपमा वित्तीय साक्षरता सम्वन्धी तालिम संचालन गरेको, नगरेको

**ख २. कानूनी प्रावधान (सहकारीऐन, नियम र विनियम) पालनाको अवस्था ( Legal obligations)**

| | | | | | |
|---|---|---|---|---|---|
| १) पछिल्लो साधारण सभा भएको मिति :— | | | | | |
| कुल सदस्य संख्याः— | | उपस्थित सदस्य संख्या :— | | % उपस्थितिः- | |

२) पछिल्लो संचालक र लेखा समिति निर्बाचन मिति :–

३) संचालक समितिको बैठक बिनियमले तोकेको अबधिभित्र बस्ने गरे, नगरेको(वढीमा ४५ दिनको वीचमा)

४) तोकेको समय सीमाभित्र बार्षिक साधारण सभा सम्पन्न गर्ने गरे, नगरेको

५) तोकिए वमोजिम विवरणहरु सम्वन्धित कार्यालयमा पठाउने गरेको, नगरेको

६) खुद बचत/नाफाको कम्तिमा २५ प्रतिशत जगेडा कोषमा जम्मा गरे, नगरेको

७) नाफाको ०.५% प्रर्वदन कोषमा जम्मा गरे, नगरेको

८) शेयर पुँजीको बढिमा १८ प्रतिशत लाभाँस वितरण गरे, नगरेको

